जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक ९, २०७९ साल असार १० गते शुक्रबार, नेपाल संवत् ११४२ (Jun 24, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

### एक्लिँदै चन्द

काठमाडौं । नेत्रविक्रम चन्द नेतृत्वको नेकपाका चार नेताले पार्टी परित्याग गरेका छन् । आफूलाई माओवादी आन्दोलनको मूल धार दाबी गर्दै आए पनि चन्द नेतृत्वको नेकपा पछिल्लो समय एकपछि अर्को फूटबाट गुज्रिएको छ ।

बिहीबार पार्टीका पोलिटब्युरो सदस्य तथा सेती महाकाली इन्जार्ज ओमप्रकाश पुनसहित ४ जनाले पार्टी परित्याग गरेका हुन् । बदलिँदो विश्व राजनीति र राष्ट्रिय राजनीतिलाई मध्यनजर गर्दै राजनीतिक धार बाटो बदलेको घोषणा गर्दै पुनसहित शीर्ष ४ नेताले पार्टी **बाँकी ८ पेजमा**

### एसएसपीहरूको बढुवा सिफारिस

काठमाडौं । नेपाल प्रहरीको जनपद प्रहरी समूहतर्फ १७ जना प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) लाई प्रहरी नायव महानिरीक्षक (डिआइजी) पदमा बढुवाको लागि सिफारिस गरिएको छ ।

प्रहरीको बुधबार बसेको बढुवा समितिको बैठकले प्रहरी नियमावली, २०७१ (संशोधनसहित) को नियम २७ को उपनियम (४) अनुसार १७ जना एसएसपीलाई डिआइजी पदमा बढुवाको लागि सिफारिस गरिएको बढुवा समितिकी सदस्य-सचिव एवं प्रहरी अतिरिक्त महानिरीक्षक पूजा सिंहले जानकारी दिइन् । सिफारिसको प्राथमिकतामा **बाँकी ८ पेजमा**

## नागरिकता विधेयक : फिजीकरणको खतरा

काठमाडौं । सत्तारुढ पाँचदलीय गठबन्धनले लामो समयदेखि संसदमा विचाराधीन नागरिकता विधेयक अगाडि बढाउने निर्णय गरेको छ । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बुधबार बसेको नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी र राष्ट्रिय जनमोर्चा सम्मिलित गठबन्धनको बैठकले संसदमा विचाराधीन नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयकलाई संसदीय प्रक्रियामा लैजाने निर्णय गरेको हो । उक्त विधेयक राज्य व्यवस्था तथा सुशासन समितिले पास गरेर प्रतिनिधिसभामा पेस गरेको थियो ।

नागरिकतामा नेपाली पुरुषसँग विवाह गरी आउने विदेशी महिलालाई दिने अंगीकृत नागरिकता लगायतका विषयमा दलहरूबीच सहमति जुट्न नसक्दा नागरिकता विधेयक २०७५ देखि विचाराधीन अवस्थामा रहेको छ । बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाले विधेयक अगाडि बढाउन प्रस्ताव गरेको जानकारी दिँदै सरकारका प्रवक्ता समेत रहेका सूचना तथा प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले भने– 'मूलभूत रुपमा प्रधानमन्त्रीले नागरिकता विधेयकलाई अगाडि बढाउने प्रस्ताव ल्याउनुभएको छ । अहिले हाम्रो समाजमा बुबा नागरिक, आमा नागरिक र उनका सन्तानहरू नागरिकताविहीन भइरहेका छन् । यसलाई अन्त्य गर्न अग्रसरता लिनका निमित्त आज निर्णय भएको छ । नागरिकता विधेयकमा केही प्रक्रियाहरू हुन बाँकी रहेको छ र त्यसलाई चाँडै पूरा गरेर प्रस्तुत हुन्छ ।'

नागरिकता विधेयक अगाडि बढाउने निर्णय भए पनि बैठकमा नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलालाई सात वर्षपछि मात्र नागरिकता दिने विवादित प्रस्तावबारे भने कुनै निर्णय भएको छैन । तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को प्रस्तावअनुसार प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले नेपाली पुरुषसँग बिहे गर्ने विदेशी महिलालाई सुरुमा राजनीतिक अधिकार नपाउने गरी आवासीय अनुमतिपत्र दिने र सात वर्षपछि मात्र नागरिकता दिने प्रस्ताव गरेको थियो । त्यसबेला नेपाली कांग्रेस र मधेश केन्द्रित दलहरूले हालकै व्यवस्था जस्तो तत्काल नागरिकता दिनुपर्ने मत राखेका थिए ।

तर राज्य व्यवस्था समितिले बहुमतका आधारमा त्यतिबेला सातवर्षे प्रावधान राखेर नागरिकता विधेयकको प्रतिवेदन टुंगो लगाएर प्रतिनिधिसभा बैठकमा पेस गरेको थियो । तर अहिले राजनीतिक समीकरण फेरिएको छ । नेकपा विभाजित भएर माओवादी केन्द्र, एकीकृत समाजवादी एमाले बनेको छ । माओवादी केन्द्र र



एकीकृत समाजवादी कांग्रेस नेतृत्वको गठबन्धन सरकारमा सहभागी छन् । त्यसकारण राज्य व्यवस्था समितिमा बहुमतका आधारमा टुंगो लगाइएको सातवर्षे प्रावधान राखेर नागरिकता विधेयक अघि बढ्ने सम्भावना न्यून छ । नागरिकता विधेयक २०७५ साल साउन २२ गते संसद सचिवालयमा दर्ता भएको थियो । २०७२ मा नयाँ संविधान जारी भएपछि सरकारले पुरानो नागरिकतासम्बन्धी कानुन प्रतिस्थापन गर्न नयाँ कानुन बनाउने तयारी गरेको थियो ।

अन्तरिम संविधान २०६३ अन्तर्गत बनेको नागरिकता ऐन, २०६३ को विस्थापनका लागि नागरिकतासम्बन्धी नयाँ कानुन बनाउन २२ साउन २०७५ मा संसदमा दर्ता भएको विधेयक २३ साउनमा संसदलाई वितरण गरिएको थियो । २८ साउनमा विधेयक प्रतिनिधिसभामा प्रस्तुत भएको र २९ साउनमा विधेयकमाथि सामान्य छलफल भएको थियो । यसपछि ५ भदौ २०७५ मा विधेयक प्रतिनिधिसभामा प्रस्तुत भएको, राज्य व्यवस्था समितिमा दफावार छलफल भएको देखिन्छ । ९ असार २०७७ मा समितिको प्रतिवेदन पेस भएपछि यसको प्रक्रिया अघि बढेको छैन ।

अन्तरिम संविधान २०६३ ले व्यवस्था गरेको नागरिकतासम्बन्धी प्रावधानमै फर्किनुपर्ने धारणा राख्दै कांग्रेस मधेस केन्द्रित दलहरूकै कित्तामा उभिएको छ । मधेसको भोट आकर्षित गर्ने रणनीति कांग्रेसले लिएको विश्लेषण गरिएको छ । नागरिकता जस्तो राष्ट्रियतासँग जोडिएको संवेदनशील विषयमा दलहरूको राय बाझिनु र नागरिकताको प्रावधानलाई खुकुलो बनाउने हो भने नेपाल नयाँ फिजीमा रुपान्तरित हुनेमा कुनै शंका छैन ।

एसिया प्रशान्त समुद्री क्षेत्रमा अवस्थित फिजी उखु खेती र माछाका लागि संसारभर प्रख्यात छ । सन् १८७४ मा ब्रिटेनले फिजीमा कब्जा जमाएपछि उखु खेतीका लागि त्यहाँ भारतीय श्रमिक पुऱ्याएको थियो । त्यसबेला भारतमा ब्रिटेनले इस्ट इन्डिया कम्पनीका नाममा औपनिवेशिक शासन चलाइरहेको थियो । फिजी १९७० मा ब्रिटिस उपनिवेशबाट स्वतन्त्र थियो । फिजी स्वतन्त्र भएपछि भारतले आफ्ना नागरिकहरू त्यहाँबाट फिर्ता बोलाउनुपर्थ्यो । तर त्यसो गरेन बरु फिजीमाथि नै कब्जा जमाउने रणनीति लियो । सन् १९७७ मा फिजीको नागरिकता हत्याउने नीतिअनुसार निर्णय गराउन भारत सफल भयो । **बाँकी ८ पेजमा**

### राजधानीमा हैजा आतंक

काठमाडौं । काठमाडौंका विभिन्न स्थानका चार जनामा हैजा पुष्टि भएको छ । चारै जनाको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा अहिले उपचार भइरहेको छ । जिल्ला स्वास्थ्य कार्यालय काठमाडौंका प्रमुख वसन्त अधिकारीले अहिलेसम्म चार जनामा हैजा भएको पुष्टि जानकारी दिए । बागबजारमा दुई तथा भोटेबहाल र डिल्लीबजारमा एक/एक जनामा हैजाको जिवाणु भेटिएको जानकारी अधिकारीले दिए । उनले भने, 'फोहोर र प्रदूषित पानीका कारणले हैजा देखिएको हुनसक्छ । काठमाडौं हैजाको जोखिममा रहेको देखियो ।'

विगतमा काठमाडौंमा लामो समयसम्म फोहोर नउठेको कारणले पनि हैजाको प्रकोप बढेको हुन सक्ने बताइएको छ । उनले हैजा पुष्टि भएका ठाउँमा थप अनुसन्धान र लक्षण भएका हैजाका विरामीको खोजी भइरहेको जानकारी पनि दिए । वागबजारका दुई जना १८ र २३ वर्षीय युवतीमा असार ५ गते **बाँकी ८ पेजमा**

### सुरेन्द्र ढकाल फाउण्डेसनद्वारा सहयोग





काठमाडौं । सुरेन्द्र ढकाल फाउण्डेसनले कपनस्थित बालकुमारी आधारभूत विद्यालयका आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई ३ लाख रुपैयाँ बराबरको पूर्ण छात्रवृत्ति प्रदान गरेको छ । फाउण्डेसनले विद्यालयमा आयोजित एक कार्यक्रममा विपन्न तथा आर्थिक अवस्था कमजोर भएका २७ जना विद्यार्थीलाई २ लाख ७० हजार बराबरको पूर्ण छात्रवृत्ति र ५४ जना विद्यार्थीलाई ३० **बाँकी ८ पेजमा**

### विजुक्छेंलाई पत्नी शोक



भक्तपुर । नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का अध्यक्ष नारायणमान विजुक्छेंलाई पत्नी शोक परेको छ । उनकी पत्नी शोभा प्रधानको उपचारका क्रममा बुधबार अपराह्न नेपाल क्यान्सर हस्पिटल हरिसिद्धि ललितपुरमा निधन भएको छ ।

रामेछापमा १४ पुस २०१७ सालमा जन्मिएकी शोभा प्रधानको नेता नारायणमान बिजुक्छेंसँग ११ मङ्सिर २०४० मा विवाह भएको थियो । डा. सुवेग र सुवान गरी उनका दुई छोरा छन् । लामो समयसम्म शिक्षण पेसामा आबद्ध प्रधानलाई २० वर्षअघि क्यान्सर पुष्टि **बाँकी ८ पेजमा**

### झनै चुलिँदै व्यापार घाटा

काठमाडौं । आयातीत वस्तुको आकार बढ्दा मुलुकमा व्यापार घाटा चुलिँदै गएको छ । चालू आर्थिक वर्षको ११ महिनामा व्यापार घाटा १५ खर्ब ७७ अर्ब ३८ करोड ६० लाख पुगेको हो । आयात १७ खर्ब ६३ अर्ब पुग्दा निर्यात १ खर्ब ८५ अर्बमात्रै भएकाले २५ प्रतिशतले व्यापारघाटा वृद्धि भएको हो ।

भन्सार विभागले मंगलबार सार्वजनिक गरेको तथ्यांकअनुसार चालू आवको जेठसम्म आयातको आकार बढेर १७ खर्ब ६३ अर्ब २२ करोड ३० लाख पुगेको छ । यो गत वर्षभन्दा २७.५ प्रतिशतले बढी हो । **बाँकी ८ पेजमा**

### इन्धनको मूल्यवृद्धि नरोकिने संकेत

काठमाडौं । पेट्रोलियम पदार्थको मूल्य बढेकोमा चौतर्फी विरोध भइरहँदा पनि सरकारले पेट्रोलियम पदार्थको मूल्य नघटाउने संकेत गरेको छ । सरकारले स्वचालित मूल्यको आधारमा मूल्य निर्धारण गर्ने उल्लेख गरेको छ । बुधबार राष्ट्रिय सभाको बैठकमा बोल्दै उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्री दिलेन्द्र प्रसाद **बाँकी ८ पेजमा**

## महँगीको मार, बेखबर सरकार ?



काठमाडौं । महँगी आकासिएको छ । पछिल्लो एक वर्षमा नमहँगिएको सायदै कुनै चिज होला । जनताको भान्सा महँगिएको छ । थोरै थोरै गर्दै बजार मूल्य अचाक्ली बढेको छ ।

२४० रुपैयाँमा पाइने सूर्यमुखी र तोरी तेल लिटरको ३५० रुपैयाँ पर्छ । तेल मात्रै होइन गत वर्ष १५० रुपैयाँ प्रतिकिलो रहेको मुसुरो अहिले १७५ रुपैयाँ पुगेको छ । चामल, दाल, तेल, गेडागुडी, पीठो र मसला समेतमा मूल्य बढेको छ । सबैभन्दा उच्च मूल्यवृद्धि तेल र घ्यूमा छ ।

उसो त खाद्यान्न मात्रै महँगिएको होइन । उपभोक्ताले प्रयोग गर्ने हरेक सामानमा महँगी बढेको छ । पछिल्लो समय पानीको मूल्य ह्वात्तै बढेको छ । एउटा कुरामा मात्रै मूल्यवृद्धि भए पो हुन्छ सर्वत्र बढेको छ ।

काठमाडौंमा मात्रै होइन देशैभर महँगीले आकाश छोएको छ । जनतालाई दैनिकी चलाउनै हम्मे-हम्मे परेको छ । एक वर्षको अवधिमा इन्धनकै मूल्य १० पटकभन्दा बढी बढिसक्यो । इन्धनको भाउ बढ्नु भनेको इन्धनको मूल्यवृद्धि मात्रै होइन । सिधै यातायातका साधनको भाडा बढिहाल्छ । यातायातका साधनको भाउ बढ्नु भनेको वस्तुको ढुवानी लागत बढ्नु हो ।

त्यसपछि दैनिक उपभोग्य सामान हरेकजसोको भाउ बढ्छ । उपभोग्य बाहेकका सामानमा पनि उच्च मूल्यवृद्धि हुन्छ, भएको छ । नेपाल राष्ट्र बैंकले प्रस्तुत गरेको तथ्यांकमा मूल्यवृद्धि झण्डै आठ प्रतिशतको हाराहारीमा पुगेको छ । करिब ६ वर्षको अवधिमा महँगी यसपटक आठ प्रतिशतको हाराहारीमा पुगेको हो । मुद्रास्फीति सात प्रतिशत माथि छ । अघिल्लो वर्षको सोही महिनामा मुद्रास्फीति चार प्रतिशतमुनि थियो ।

महँगीले आकाश छुँदासमेत सरकार बेखबर जस्तै छ । जनतालाई जीवन धान्नै धौ-धौ भइरहँदा पनि सरकार र सत्तासीन दलहरू आन्तरिक भागबण्डामा रुमलिएका छन् । यी सब दृश्यले के देखाउँछ भने सरकारमा नागरिकको दैनिक जीवनयापनसँगै सरोकार राख्ने गम्भीर मुद्दामा पनि चिन्तित छैन । सरकारले महँगी नियन्त्रण गर्ने काम गरेको पनि देखिन्न । खेतीपातीको समयमा पनि मल **बाँकी ८ पेजमा**

### सड़ने र नसड़ने फोहोर छुट्याउन आग्रह

काठमाडौं । काठमाडौं महानगरपालिकाले साउन १ गतेदेखि कुहिने र नकुहिने फोहोर छुट्याएर राख्न महानगरवासीलाई आग्रह गरेको छ । काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा २२ (१), (२) र फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ (१), (२) को व्यवस्था अनुसार ०७९ साल साउन १ गतेदेखि स्रोतमा कुहिने र नकुहिने फोहोर छुट्याउन महानगरवासीलाई आग्रह गरिएको छ ।

उक्त व्यवस्था अनुसार जैविक (कुहिने) र अजैविक (नकुहिने) फोहोर छुट्याउने जिम्मेवारी फोहोर उत्पादनकर्ताको नै भएकोले फोहोर पृथकीकरण गरी कुहिने फोहोर सङ्कलन गर्न आउने दिन कुहिने फोहोर मात्रै सङ्कलन गर्ने र नकुहिने फोहोर संकन गर्न आउने दिन नकुहिने फोहोर मात्रै सङ्कलन गर्ने महानगरले सार्वजनिक सूचना जारी गर्दै **बाँकी ८ पेजमा**

## महान् योद्धा बहादुर शाहको त्यो बहादुरी

समय सन्दर्भ



● दीर्घराज प्रसाई

राष्ट्र निर्माता पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाहको जन्म नुवाकोट दरबारमा १८१४ असार ६ गते भएको थियो । २०७९ असार ६ गते महान् योद्धा बहादुर शाहको २६६ औं जन्मजयन्ती हो । उनी जन्मेको बेला बुबा पृथ्वीनारायण शाह कीर्तिपुर युद्धमा व्यस्त थिए । त्यस युद्धमा आफ्ना विश्वास प्राप्त योद्धा कालु पाण्डेलाई गुमाउनुपरेकाले उनी तनावपूर्ण स्थितिमा थिए । पृथ्वीनारायण शाहलाई समेत खतरा आइलाग्ने अवस्था थियो । त्यहीबेला बहादुर शाहको जन्म भएको थियो । यो खबर सुनेर पृथ्वीनारायण शाहलाई युद्धको तनावको मारमा परेको बेला तनाव भुल्न सक्ने परिस्थिति आएको थियो ।

हिमवत्खण्डका ससाना राज्य कब्जा गरेर एकलौटीरूपमा आफ्नो कब्जामा राख्न इस्ट इन्डिया कम्पनी आक्रमण गर्न बाटो खोजेर बसिरहेको अवस्थामा गोर्खाका राजा पृथ्वीनारायण शाह र उनीपछि उनका कान्छा छोरा बहादुर शाहबाट थुप्रै हिन्दु राज्यको एकीकरण गर्न सम्पूर्ण जाति थरीहरूको सहयोगमा दाम, दाम, दण्ड, भेदको नीति लिएर विशाल नेपालको एकीकरण गरेर विशाल नेपालको सिर्जना हुन सकेको थियो । लगभग एक हजार वर्षसम्म मुसलमान र अंग्रेजको साम्राज्यबाट भारत वर्षका प्राचीन सभ्यता र हिन्दुत्व अधिक्रमणका कारण भारतमा हिन्दु अस्मिता बिटुलो भइसकेको थियो । भारतमा अंग्रेजहरूबाट हिन्दु अस्मितामाथि आक्रमण बढ्दो अवस्थामा पुगेपछि नेपाल पनि अछूतो हुने स्थिति थिएन । तर गोरखाका राजा पृथ्वीनारायणको दूरदर्शी र सक्षम नेतृत्वबाट समयमा नैं यस क्षेत्रको सार्वभौम अस्तित्व जोगाएर



हिमवत्खण्डका ५४ ससाना हिन्दु राज्य एकीकरण गरेर विश्वको एक मात्र हिन्दु अधिराज्य स्थापना गर्न सकेका थिए । यसरी हेर्दा यो भूमि कहिले पनि बिटुलो भएन ।

हिमवत्खण्ड भनेको पूर्वमा ब्रह्मपुत्र, पश्चिममा हिन्दुकुश, उत्तरमा कैलाश-मानसरोवर र दक्षिणमा गंगासम्मको भूभाग हो भने गंगादेखि हिन्दमहासागरसम्मको भूभागलाई भारतखण्ड भनिन्छ । हिन्दु अस्मिता बोकेका राष्ट्रहरूमा 'हिमवत्खण्ड नेपाल' र 'भारतखण्ड' हुन् । यी दुवै राष्ट्रबाट विश्वभर हिन्दु दर्शन, संस्कृति र सभ्यताको विस्तार भएको हो । यो हिमवत्खण्ड नेपाल तथा भारतबीचमा युगौंयुगदेखि गहन तादात्म्यता छ । नेपाल एकीकरणको बेलादेखि नैं विदेशीहरूका अनेकौं षडयन्त्रबाट पटक पटक अनेकौं रक्तरञ्जित काण्ड भए तापनि नेपालले आफ्नो स्वाभिमान बचाएरै राख्न सकेको थियो । पृथ्वीनारायण शाहबाट प्रारम्भ भएको विशाल नेपालको एकीकरणको अभियानलाई उनको स्वर्गारोहणपछि उनका कान्छा छोरा बहादुर शाहले विशाल नेपाल कायम गर्न अथक प्रयत्न गरेका थिए ।

बहादुर शाहले मुलुक मात्र जितेका थिएनन्, उनले मुलुकमा राम्रो बन्दोबस्त पनि **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# जग उखेल्दैछन् गणतन्त्रको नाइकेहरु आफैं



## सुरेन्द्र ढकाल





संविधानको कुनै पनि धारामा उल्लेख नभएको सदन विघटन गर्ने कार्य एकपछि अर्को गर्दै खडग ओलीले दुई पटकसम्म गरे। दुवै पटक सर्वोच्च अदालतले उनको निणर्यलाई बदर गरिदियो किनभने यो गणतन्त्रको जग उखेल्ने प्रयास थियो भनेर। अन्ततः ओली यस्तै कार्यले गर्दा सर्वोच्च निर्णयबाट सत्ताच्यूत हुन पुगे। त्यो लडाइँमा न्यायपालिका र व्यवस्थापिका एक साथ थिए भने कार्यपालिका एक्लो परेको थियो।

सर्वोच्चले निजगढ विमानस्थल बनाउने कार्य पर्यावरण नाशको दृष्टिकोणले उचित नभएको कारण रोक्ने र त्यसको विकल्प अरु ठाउँमा खोज्ने उत्प्रेषण आदेश जारी गरेपछि निजगढ विमानस्थल निर्माणको च्याप्टर नै क्लोज भएको छ। यस आदेशविरुद्ध न कुनै पुनरावेदन लाग्छ न पुनरावेदन सुन्ने कुनै न्यायिक संयन्त्र नै छ। चुपचाप आदेश शिरोपर गर्नुबाहेक कुनै अरु विकल्प संविधानले दिएको छैन। तर ठिक यसको विपरीत मन्त्रीहरू जो कार्यपालिकाका नाइके छन् उनीहरू सर्वोच्चको यो आदेशलाई चुनौति दिँदै निर्माण कार्य अघि बढाउने भाषण ठोकेर हिँडिरहेका छन्। होइन यस्ता मन्त्रीहरूलाई अदालतको अपहेलनामा बर्खास्त गर्नुपर्ने होइन ?



अर्कोतर्फ व्यवस्थापिकाको अर्को अंग संसदीय समितिले समेत अदालतको यो आदेश नमान्न र निर्माण कार्य नरोक्न सरकारलाई सिफारिस गरेको कुरा रेडियो टेलेभिजनहरूले ढ्वांग फुकिरहेका छन्। यसो हेर्दा यो लडाइँमा व्यवस्थापिका र कार्यपालिका एकातिर र न्यायपालिका एक्लो बन्न पुगेको छ। योजना बनाउने र कार्यान्वयन गर्न पाउने सरकारको अधिकार क्षेत्रलाई न्यायपालिकाले हस्तक्षेप गरेको आरोप सर्वोच्च अदालतमाथि सरकार र संसदले लगाइरहेका छन्। हिजो ओलीले यस्तै आरोप न्यायपालिकालाई लगाएर सरकार छोड्न नमानेको भए के हुन्थ्यो ? सर्वोच्चको निर्णय कार्यान्वयन गराउने कस्को जिम्मा हो, सरकारको होइन ? राज्यका तीन अंग आफ्नै पाराले अघि बढ्न लागे भने १७ साल दोहोरिन्छ कि दोहोरिदैन ? हिजो पंचायत व्यवस्था हुँदा राजाले गरेको निर्णय विपरीत कुनै पनि अदालतमा उजुर बाजुर लाग्दैन भनेर स्पष्ट गरेको कारण राजाको निर्णय अन्तिम हुन्थ्यो। गणतन्त्रमा यस्तो अन्तिम निर्णय संवैधानिक अदालतले गर्दछ तर यहाँ त त्यो वेञ्च पनि निरीह देखिने अवस्था आइसक्यो। कतै यो सबै अब्यवस्थाको फाइदा सेनाले लिएर गणतन्त्र नै गल्र्याम गुर्लुम हुने त होइन भनौं भने अमेरिकासँगको राज्य साझेदारी कार्यक्रम (एसपिपि) सम्बन्धमा सेना प्रमुखले पठाएको भनेको नेपालको असंलग्न परराष्ट्र नीतिलाई धराशायी बनाउने पत्रबारे तत्कालिन प्रधानमन्त्री ओलीले अनभिज्ञता प्रकट गर्नुले नेपाली गणतन्त्रमा राज्यका तीन अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अतिरिक्त चौथो अंग सेना पनि भएको पुष्टि गरेको छ। यसले अव्यवस्था फैलाउन सेनासमेत जिम्मेवार देखिएको परिप्रेक्ष्यमा देश र गणतन्त्रलाई जोगाउन अब जनता नै सडकमा ओर्लिनुपर्ने हो ? हो भने त्यसको उठान र बैठान गर्ने को ? सार्वजनिक अनियन्त्रित भीडले देश संचालन हुन्छ ? गणतन्त्रको आधार भत्काउन खोज्ने कार्यपालिका र व्यवस्थापिका संचालन गर्नेहरूले सोच्नुपर्छ कि पर्दैन ? न्यायपालिकाको आदेश कार्यान्वयन नगर्दा के हुन्छ गणतन्त्रका नाइकेहरू आफैं यसको जग उखेल्दैछन् भने ?

## सम्पादकीय

### इन्धनको विकल्प : विद्युतीय सवारी साधन

सोमबार मूल्य बढाएर पेट्रोलको भाउ १ सय ९९ र डिजेलको भाउ १ सय ९२ रूपैयाँ पुर्‍याइएको छ। यो मूल्यमा विक्री गर्दा पनि मासिक पाँच अर्ब रूपैयाँ घाटा हुने नेपाल आयल निगमले जनाएको छ। सरकारी स्वामित्वको कम्पनी भएका कारण नेपाल आयल निगमको घाटा भनेको पनि देश र जनताकै घाटा हो। एक वर्षअघि प्रतिलिटर सरदर ८० रूपैयाँमा पाइने डिजेल र पेट्रोलको भाउ यतिबेला दुई सय रूपैयाँको हाराहारीमा पुग्दा महँगीको असर चौतर्फी परेको छ। सोमबारदेखि सरकारले सार्वजनिक यातायातको भाडासमेत ७ दशमलव ७ प्रतिशत वृद्धि गरेको छ।

सार्वजनिक सवारी साधनको भाडा ११ महिना अघिको भन्दा पटकपटक गरी ७० प्रतिशत वृद्धि भइसकेको छ। ढुवानी भाडा एक वर्ष अघिको तुलनामा शतप्रतिशत बढेको छ। हाम्रो मुलुकको इन्धनको मुख्य स्रोत पेट्रोलियम हो। त्यसै कारण पेट्रोलियमको मूल्य बढ्दा धेरै बस्तुको मूल्य बढ्नु स्वभाविकै हो। आयस्तर नबढेको अवस्थामा खर्च मात्रै बढ्दा जनताको जीविकोपार्जन कसरी हुन्छ ? भन्ने प्रश्न ज्यादै महत्वपूर्ण हो। अन्तर्राष्ट्रिय बजारबाट आयात हुने बस्तु भएका कारण पेट्रोलियम पदार्थको मूल्य नियन्त्रण हाम्रो मुलुकको बुताभित्र छैन। नेपाल आयल निगममा हुने गरेको भ्रष्टाचार र चुहावट नियन्त्रण गर्नसके प्रतिलिटर एक/दुई रूपैयाँ मूल्य घट्न सक्ला, तर यसले मूल्य नियन्त्रणमा तात्विक अन्तर पर्दैन। त्यसैले कम्तिमा पनि सार्वजनिक यातायातको भाडा नबढ्ने गरी सरकारले गृहकार्य गर्नु जरूरी भइसकेको छ।

नेपालका सहरी क्षेत्रमा सार्वजनिक यातायातका साधन प्रयोग गर्ने भनेको निम्न आय भएका जनताले हो। तर, भाडावृद्धिका कारण आम्दानीको ठूलो हिस्सा गाडी भाडामै खर्च हुने अवस्था उत्पन्न भएको छ। सरकारले निजी क्षेत्रमा काम गर्ने मजदुरहरूको न्यूनतम पारिश्रमिक मासिक १५ हजार रूपैयाँ तोकेको छ। तर कतिपय मजदुरहरूले न्यूनतम पारिश्रमिकसमेत नपाइरहेको अवस्था छ। नेपालीहरूको औषत वार्षिक आम्दानी भनेकै १ लाख २० हजार रूपैयाँ अर्थात मासिक १० हजार रूपैयाँ हो। बासस्थानबाट काम गर्ने ठाउँसम्म आउन जानका लागि गाडी भाडा मात्रै मासिक तीन हजार रूपैयाँ खर्च गर्नुपर्ने अवस्था आएपछि अरू खर्चको जोहो मजदुर वर्गले कसरी गर्ने ? यो सामान्य प्रश्न होइन।

यातायात व्यवसायीहरूले भाडावृद्धिको मुख्य कारण इन्धनको मूल्यवृद्धि भनेका छन्। यो हो पनि। प्रतिलिटर दुई सय रूपैयाँको इन्धन प्रयोग गरेर सस्तो दरमा यातायात सेवा सञ्चालन गर भनेर भन्न पनि मिल्दैन। त्यसैले सरकारले इन्धनको मूल्य दुई थरी कायम गर्नुपर्छ। निजी सवारी साधनले प्रयोग गर्ने इन्धनको मूल्य र सार्वजनिक सवारी साधनले प्रयोग गर्ने इन्धनको मूल्य अलगअलग नगर्दासम्म अहिलेको समस्या समाधान हुने अवस्था छैन। नेपालमा सञ्चालन हुने कुल सवारी साधनहरूले जति इन्धन खपत गर्छन्, त्यसको २५ प्रतिशत इन्धन मात्रै सार्वजनिक सवारी साधनहरूले खपत गर्छन्। कोटा प्रणाली लगाएर सार्वजनिक यातायातका साधनलाई निश्चित परिमाणमा सस्तो मूल्यमा इन्धन उपलब्ध गराउनेतर्फ सरकारले सोच्नुपर्छ। सार्वजनिक सवारी साधनको भाडा सस्तो हुने बित्तिकै महँगो इन्धन प्रयोग गरेर निजी सवारी साधन प्रयोग गर्नेहरूको संख्या ह्वात्तै घट्छ। निजी सवारी साधनहरूको प्रयोग घट्ने बित्तिकै पहिलो कुरा त पेट्रोलियम पदार्थको आयात घट्छ, दोस्रो कुरा प्रदूषण घट्छ, तेस्रो कुरा सडक जामको समस्या पनि घट्छ।

सरकारले पेट्रोलियम पदार्थमा निकै ठूलो मात्रामा कर लिइरहेको छ। सबैलाई थाहा भएकै कुरा हो कर नलगाउने हो भने पेट्रोलियम पदार्थको मूल्य करिब ६५ प्रतिशत घट्छ। तर, यसरी मूल्य घटाउँदा आयात कहालीलाग्दो ढंगले बढ्ने कुरा बिर्सनु हुँदैन। पहिलो कुरा त मूल्य सस्तो भएपछि उपभोग बढ्छ, दोस्रो कुरा खुला सिमाना भएका कारण भारततर्फ तस्करी हुन्छ। जुन अवस्था नेपालले धान्नै सक्दैन। अहिलेका लागि पेट्रोलियमको आयत कम गर्ने उपाय भनेकै सार्वजनिक सवारी साधन प्रयोगलाई प्रोत्साहन र निजी सवारी साधन प्रयोगलाई निरूत्साहन हो।

दीर्घकालका लागि त विद्युतीय सवारी साधन प्रयोगको विकल्प छैन। तत्कालका लागि पनि सरकारले १५/२० अर्ब रूपैयाँ खर्च गरेर दुई/तीन हजार जति ठूला विद्युतीय बस सञ्चालनमा ल्याउने हो भने भाडावृद्धिको समस्या धेरै हदसम्म समाधान हुन्छ। पेट्रोलियमको व्यापारमा मासिक पाँच अर्ब रूपैयाँ घाटा खानुभन्दा एकमुष्ठ १५/२० अर्ब रूपैयाँ खर्च गरेर विद्युतीय बस ल्याउनु उपयुक्त हुन्छ।

# नेपालमा विज्ञान र प्रविधिको वर्तमान अवस्था

**डा. तीर्थबहादुर श्रेष्ठ**

मानिसको मन र मस्तिष्कले ठम्याएका कुरा नै ज्ञान हो। ज्ञान मानिसको मस्तिष्कको उपज हो। त्यस ज्ञानलाई व्यवस्थित गरेर आफ्नो वशमा राख्न सक्नु विज्ञान हो। विज्ञानले आधार खोज्छ। विनाआधारको ज्ञानलाई विज्ञानले ठाउँ दिँदैन। विज्ञानले प्राकृतिक नियमहरूको सञ्चालन कसरी हुन्छ र किन भन्ने आधार र प्रमाण पहिल्याउने प्रयत्न गर्छ र विभिन्न प्रयोगद्वारा तिनलाई सिद्ध गर्ने काम गर्छ। अनि प्रयोग र प्रमाणद्वारा सिद्ध भएको ज्ञानलाई सूत्र र सिद्धान्तमा बाँधिदिन्छ। यसरी आर्जन गरेको ज्ञानलाई विज्ञानको संज्ञा दिइन्छ। विज्ञानलाई जब व्यवहारमा ल्याउन विशेष रुपले प्रयोग गरिन्छ तब त्यो प्रविधि बन्छ। तसर्थ ज्ञान, विज्ञान र प्रविधि एक अर्कासँग गाँसिएका हुन्छन्। ती एक अर्काका पूरक हुन् तर विकल्प होइनन्।

विज्ञानको विकास स्वतन्त्र प्रक्रियाबाट हुन्छ। यसको प्रतिफल विश्व समुदायले उपभोग गर्न सक्छ। यो सबैको साझा सम्पत्ति हो। प्रविधिलाई विज्ञानको आधार चाहिन्छ तर यसको विकास वा प्रयोग स्वतन्त्र रुपले परिचालित हुँदैन। यसमा आर्थिक, सामाजिक, राजनीतिक आदि कारकहरूले आआफ्ना प्रभाव पारेका हुन्छन् जसले गर्दा आखिरमा यसले एक व्यापारी वस्तुको रुप लिन पुग्छ। तसर्थ प्रविधि खरिद बिक्री गरिने शिल्प शास्त्र हो।

कुनै पनि देशले आर्थिक समुन्नतिको लागि अपनाउने राष्ट्रिय विकास एवं उत्पादनका वर्तमान ढाँचाहरूमा विज्ञान र प्रविधि निर्णायक कारकका रुपमा रहेको तथ्य पश्चिमी देशहरूले मात्र होइन कि दक्षिण पूर्वी एसियाली देशहरूले पनि स्वीकार गरेका छन्। नेपालको सन्दर्भमा हाम्रो प्राचीनतम ज्ञान र परम्परागत प्रविधिको इतिहास गौरवमय रहेको छ। तर तिनलाई विज्ञान र प्रविधिको वर्तमान प्रवाहसँग गाँसेर विकास गर्ने प्रयत्न भने हुन सकेको छैन।

देशलाई चौतर्फी विकासको बाटोमा डोऱ्याउन प्रथम पञ्चवर्षीय योजना (२०१३-०१८) लागू भयो। यसै ताका २०१४ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको पनि जन्म भयो। यसका जन्मदाता स्वर्गीय श्री ५ महेन्द्रको दूरदर्शी दृष्टिले पहिल्याएको बाटोमा



अग्रसर हुँदै यो संस्थाले २५ वर्षको अवधि पनि पूरा गऱ्यो। यस २५ वर्षको अवधिमा नेपालमा कयौं विकास निर्माणका प्रयास र अभ्यासहरू भए। तिनका उपलब्धिहरू आज जनसमक्ष आएका छन्।

कृषि, वन, वनस्पति, स्वास्थ्य, निर्माण, यातायात, सञ्चार, खानी, भूगर्भ आदि विभिन्न क्षेत्रहरूमा गरिएका विकास प्रयासहरूमा वैज्ञानिक अनुसन्धान र प्राविधिक विकासको आवश्यकता रहन गएको हुनाले विभिन्न प्रयोगशालाहरू र शिक्षण संस्थानहरू सिर्जना गरिए। यस प्रकार पहिले नभएका कतिपय नयाँ निकायहरू खडा भए, दक्ष प्राविधिक जनशक्ति पनि तयार गर्ने क्रम बढ्न थाल्यो। हुँदै नभएको अवस्थामा नयाँ कुराको संरचना गर्नु र खडा गर्नु नै ठूलो काम थियो भने आज तिनलाई व्यवस्थित गरेर तिनबाट पूरा फाइदा उठाउन सक्नु पनि उत्ति नै चुनौतीपूर्ण कार्य हुन आएको छ।

### वैज्ञानिक अनुसन्धान र प्राविधिक विकास

नेपाल सानै देश भए तापनि यसको भूबनावटद्वारा निर्मित तराई, पहाड, हिमाल आदि क्षेत्रका विविध वातावरण र परिवेशमा हुर्केका मानिसहरूले आआफ्ना प्रकारका ज्ञान, विज्ञान, प्रविधि तथा कला, कौशलको विकास र जगेर्ना गरेको पाइन्छ। कतिपय कुरामा यस्ता ज्ञान, विज्ञान र प्रविधि विशिष्ट स्तरका छन्।

उदाहरणस्वरुप जुम्लाजस्तो हिमाली प्रदेशमा पनि धान खेती गर्ने प्रविधि सफलतापूर्वक लागू छ। त्यहाँ धानको बिउ अंकुराउनका लागि आवश्यक न्यानोपन मानिसकै जिउको तातोबाट पनि प्रदान गरिन्छ। त्यस्तै सोलुखुम्बु क्षेत्रमा याक, नाक, चौंरी आदिको प्रजनन पद्धतिमा भएको प्राविधिक विकास पनि कम महत्वको छैन। काँस, पित्तल, फलामका भाँडाकुँडा, खुकुरी, मूर्ति आदि बनाउने र ढाल्ने जस्ता प्रविधिमा हासिल गरेको निपुणता रोचक मात्र होइन उत्कृष्ट पनि छ। यस्तै नेपालको वास्तुकलालाई साकार पार्न प्रयोगमा ल्याइएका उत्कृष्ट प्रविधि आज अनुसन्धानका विषय हुन गएका छन्। आज यो प्रविधि लोप हुने स्थितिमा पुगेको छ। स्थानीय प्रविधि र आयात प्रविधि एक अर्काका साधक हुनुपर्नेमा अवरोधको रुपमा देखापर्न थालेका छन्। यसको प्रत्यक्ष उदाहरण आयुर्वेद औषधि प्रणाली र पश्चिमी देशको एलोपेथिक औषधि प्रणालीबीच विद्यमान द्वन्द्वपूर्ण स्थितिमा देखापर्छ।

संवत् २००७ को परिवर्तनपछि नयाँ जाँगर र जागरण लिएर उभिएको नेपालले आफ्नो चौतर्फी विकास गर्ने अठोटमा दृढ रहनु स्वाभाविकै हो। फलस्वरुप विकासका निम्ति अत्यावश्यक भौतिक आधारहरू यस्तो यातायात, सञ्चार, विद्युत शक्ति आदि क्षेत्रमा नयाँ कदमहरू चालिए। त्यस्तै शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको विकास र विस्तारतर्फ पनि विशेष जोड दिइयो।

देशको उत्पादन बढाउनका निम्ति कृषि र उद्योगलाई पनि आधुनिकीकरण गर्ने प्रक्रियामा मौजुदा प्राकृतिक साधनहरू (खानी, वन, वनस्पति, जलस्रोत, जमिन) को वैज्ञानिक तरिकाबाट उपयोग गर्नेतर्फ राष्ट्रिय प्रयासहरू लक्षित हुन थाले। यी सबै कुरालाई कार्यक्षेत्रमा परिणत गर्दा कार्यान्वयनका विभिन्न पक्षमा वैज्ञानिक र प्राविधिक आधार र सञ्चालन आवश्यक पर्ने हुन्छ। यस्तै आधारहरू खडा गर्न नेपालमा अनेक प्रयासहरू भएका छन्।

बितेका २५ वर्षको अनुभवलाई केलाएर हेर्दा हाम्रो आर्थिक प्रयासमा कतिपय मित्रराष्ट्रहरूको सहयोग संलग्न रहेको पाइन्छ। ती सहयोगका सिलसिलामा विभिन्न प्रविधिहरू देशभित्र आयात भएका छन्। केही संख्यामा तालिम प्राप्त जनशक्ति तयार भएको छ। यसरी प्राप्त गरेका प्रविधि र जनशक्ति प्रायःजसो पूर्णरुपले पश्चिमी देशको ढाँचामा बाँधिएको छ। प्राविधिज्ञहरू तयार गर्ने सिलसिलामा देशभित्र व्यवस्था भएको शिक्षा र विदेशबाट प्राप्त शिक्षा दीक्षा दुवै पश्चिमी सभ्यताको ढाँचामा रहेका छन्। तसर्थ विज्ञान र प्रविधिको विकास र विस्तारलाई बढी जनमुखी बनाउनुपर्ने चुनौतीको सामना गर्न विज्ञान र प्रविधिलाई नयाँ ढाँचामा सोचिनुपर्ने कुरा विकासोन्मुख देशहरूले अनुभव गर्न थालेका छन्।

### राष्ट्रिय योजनामा विज्ञान र प्रविधि

नेपालले पाँचवटा पञ्चवर्षीय योजनाहरू पार गरेर छैटौं योजनामा प्रवेश गरेको छ। छैटौं योजनाले परिलक्षित गरेका मुख्य मुख्य बुँदाहरूमा उत्पादन बढाउने, रोजगारीको अत्यधिक अवसरहरू उपलब्ध गराउने तथा सर्वसाधारण जनताका न्यूनतम आवश्यकताहरूको परिपूर्ति गर्दै लैजाने कुरालाई मार्गदर्शनको रुपमा लिएको छ। यी लक्ष्यहरू प्राप्त गर्न विज्ञान प्रविधि र सीपको बढीभन्दा बढी उपयोग हुनुपर्ने तथ्य स्वतः सिद्ध छ।

विगत केही वर्षहरूदेखि उपभोग गर्न हुने जमिनको क्षेत्रफल बढाएर र प्राकृतिक वन सम्पदाको उपभोग गरेर साथै वैदेशिक सहयोगको परिचालन गरेर जनसंख्याको बढ्दो भार थाम्ने र तिनको बढ्दो आवश्यकतालाई परिपूर्ति गर्ने काम हुँदै आएको थियो। तर अब यसो गरिरहन प्रायः असम्भव भइसकेको छ। तसर्थ जमिनको उर्वराशक्ति बढाउन होस् वा ग्रामीण उद्योगलाई उत्पादनशील बनाउन होस् वा परिवार नियोजन र स्वास्थ्य उपचारका निम्ति होस् सबै कुरामा उचित तरिकाबाट प्रविधिको प्रयोग हुनु आवश्यक छ। यस सन्दर्भमा देशभित्र विज्ञान र प्रविधिको क्षमतालाई बढाउन विशेष जागरुक पाइलाहरू चाल्नुपर्ने स्थिति सिर्जना भएको छ।

छैटौं योजनाको मस्यौदामा उल्लेख भएअनुसार योजना अवधिमा राष्ट्रिय विज्ञान तथा प्रविधि क्षमतामा वृद्धि गर्नुपर्ने, त्यस्ता प्रविधिमा जनअभिरुचि जगाउनुपर्ने र विज्ञान तथा प्रविधिको विकासलाई विकासको सम्पूर्ण प्रक्रियासँग आबद्ध गराउँदै लैजानुपर्ने लक्ष्य लिइएको पाइन्छ। यस परिप्रेक्ष्यमा विज्ञान एवं प्रविधिसँग सम्बन्धित विभिन्न कार्यक्रमहरूको सम्पादन कसरी हुन्छ भन्ने संक्षेपमा चर्चा गर्नु अप्रांसगिक नहोला।

*(क्रमशः)*

# मैले देखेको २१२ औं विश्व पर्यटकीय स्थल

# सेलान्गोर मलेसियाको बटु केभ

सुरेन्द्र ढकाल



गुफाभित्रबाट देखिने बाहिरको नीलो आकाश



गुफाको भित्री भाग र त्यहाँ रहेका मन्दिरहरू



माथि गुफामा पुगिने सिंढी



गुफाको छेउमा रहेको मनोहर झरना




गुफा चढ्ने सिंढीको दाहिनेपट्टि रहेको कार्तिकेयको विशाल मूर्ति





गुफा बाहिरको पसलमा नरिवलको पानी खाँदै पर्यटकहरू



रामायण गुफाको प्रवेशद्वारमा रहेको हनुमानको मूर्ति



गुफाभित्रको चट्टानी स्वरूप



गुफा बाहिर पर्यटकहरू

५ डिसेम्बर २०१६ को दिन करिब ११ बजेतिर हामी क्वालालम्पुर विमानस्थल अवतरण गरी ट्विन टावर (पेट्रोनास) को नजिकैको दुई बेग्लाबेग्लै होटलमा आफूहरूलाई व्यवस्थित गरी होटल बाहिरको एक रेस्टुराँमा खाना खाई करिब दुई बजेतिर आधुनिक युगको विश्व आश्चर्य मानिएको पेट्रोनास ट्विन टावर अवलोकन गर्न गएको वृत्तान्त विश्व आश्चर्य खण्डमा मैले अगाडि नै लेखिसकेको छु। पेट्रोनास अवलोकन गरी बेलुका होटल फर्कंदा सात बजेको थियो। भोलिपल्ट बिहान हामी सबै आआफ्नो होटलमा ब्रेकफास्ट गरी क्वालालम्पुर नजिकै सेलान्गोरमा रहेको बटु केभ नामक गुफा अवलोकन गर्न त्यसतर्फ लाग्यौं। क्वालालम्पुर सहरदेखि करिब १७ किलोमिटरको दूरीमा रहेको बटुकेभ पुग्न मेट्रो रेलबाट करिब ४५ मिनेटजति लागेको थियो। गुफाकै प्रवेश द्वारमा उभिएको विशाल हनुमानको मूर्ति देखेपछि मैले पुरै राम मन्दिर रहेछ भन्ठानेको थिएँ। तर वास्तविकता अलि फरक रहेछ।

**बटुकेभ**

तमिल भाषामा पाथुमालाई भनिने चुनढुंगाको पहाडमा रहेको यो एक केभ (गुफा) रहेछ। झण्डै काठमाण्डौंको स्वयम्भूको जस्तो अलि बढी अग्लो कतै कतै भिरालो भएको ढुंगाको सिढीं चढेर गुफामा पुगिदो रहेछ। मलाया भाषामा भने बटु भनेको चट्टान रहेछ। त्यसैबाट आधुनिक कालमा यसको नाम बटुकेभ रहेको र हिन्दुहरूको तिर्थस्थल मानिदो रहेछ।

हिन्दु धर्मको केन्द्र नेपाल र भारतपछिको धेरै तिर्थयात्री पुग्ने यो गुफा मलेसियामा भएको ४ प्रख्यात गुफाहरूमध्येको एक रहेछ। यस गुफा ४०० मिलियन (४० करोड) वर्ष पुरानो रहेछ। सन १८६० मा चीनबाट बसोबास गर्न आएकाहरूले यस गुफाको उत्खनन गरेको भन्दा रहेछन्। पछि सन १८७८ मा अमेरिकन प्रकृतिविदहरू (Naturalists) ले चुनढुंगाको पहाड भनेर प्रमाणित गरेपछि विस्तारै यस गुफा लोकप्रिय हुँदै गएको रहेछ। पछि एक भारतीय तमिल व्यापारी के थामवुसामीले यहाँ एक मन्दिर बनाएपछि यहाँ विस्तारै पूजाआजा गर्ने कार्यको शुरुवात भएको रहेछ। पछि १८९२ पश्चात पुस माघमा पर्ने तमिल महिनामा थाइपुसाम चाड यहाँ मनाउन सुरु गरिएको रहेछ। भगवान शिवका पुत्र कुमार (कार्त्तिकेय) को विशाल मूर्ति सिढीँ चढ्दा दाहिनेपट्टि पर्दो रहेछ र यो मूर्ति नै हनुमानपछिको आकर्षण रहेछ र थाइपुसाम पर्व भगवान कार्त्तिकेयमा समपिर्त रहेछ।

सन १९२० ताका गुफामा चढ्ने सिँढी काठको भएको कारण कुहिन सुरु भएपछि यस मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामचन्द्रन नायदुले २७२ खुडकिला भएको कंक्रिटको सिँढी बनाउन लगाएका रहेछन्। गुफा पहाडको काखमा २००८ मा स्थापना भएको एक हिन्दु मूर्ति र पेन्टिङ भएको आर्ट ग्यालेरी र अर्को म्युजियम भएको गरी दुई गुफा रहेछन्। गुफाको देब्रेतिर कुनामा सन २००१ मा बनाएको रामायण गुफा रहेछ जहाँ ५० फिट अग्लो उभिएको हनुमानको मूर्ति रहेछ। गुफाको परिसरमा २६९ जातका बिरुवा, बाँदर र छेपारोजस्ता प्राणीहरू छन् भनिदो रहेछ। विश्वका विभिन्न देशहरूबाट चट्टान आरोहण (Rock Climbing) जस्तो साहसिक खेल गर्न पनि मान्छेहरू यहाँ आउँदा रहेछन्। सन १९७० पछि यहाँ क्रमशः बस्ति विकास हुन गई यस स्थानले सहर र औद्योगिक क्षेत्रको रुप पनि लिन थालेको रहेछ। हामी पनि २७२ खुडकिला चढी गुफाभित्र पस्यौं। गुफाको दुई लहरमा मन्दिरहरू र मास्तिर हेर्दा छ्याङ्ग निलो आकाश देखिदो रहेछ। हाम्रो महेन्द्र गुफामा जस्तै कतै माथिबाट तल झुण्डिएका चट्टान र कतै तलबाट माथि टुप्पिएका चट्टान (Stalactite Stalagmite हरू मनग्गे रहेछन्। सिँढी उक्लेर माथि पुग्दा चिसो हुने कारण थकाइ एकै क्षणमा मेटिने रहेछ। हामीले करिब आधा घण्टा जति माथि गुफामा बितायौं। तल ओर्लेपछि ताजा नरिवल फुटाइ त्यसको पानी पिउने चलन रहेछ र हामीले पनि नरिवलको पानी पियौं र करिब दुई घण्टा जति गुफा परिसरमा रहेको झरनास्थलतिर रुमल्लिएर हामी करिब ३ बजेतिर क्वालालम्पुर फर्कियौं।

# कृति विमोचन तथा स्रष्टा सम्मान

विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठान, काठमाडौं नेपालको आयोजनामा घट्टेकुलो विकास समाजको भवन,घट्टेकुलो, काठमाडौंमा यही आषाढ ०४ गते शनिबार आदिकवि भानुभक्त आचार्यको २०९ औं जन्म जयन्तीको अवसरमा आयोजित स्रष्टा हर्क याक्सोको निबन्ध संग्रह'जीवन एक परिभाषा अनेक' कृति विमोचन एवम्स्रष्टा सम्मान कार्यक्रमसम्पन्न भयो।

संस्थाका अध्यक्ष एवम कार्यक्रमका सभापति गोपीकृष्ण प्रसाईंले कृतिकार हर्क याक्सोको कृतिबारे समग्र चर्चा गर्दै आदिकवि भानुभक्त आचार्यको नेपाली भाषा साहित्यमा भएको योगदानबारे बृहत चर्चा गर्नुभयो। उहाँले आदि कवि भानुभक्त आचार्य नेपाली भाषा–साहित्यको विराट व्यक्ति भएको र उहाँले रामायण अनुवादको अलवा अरु मौलिक कृतिहरू सृजना गरेर नेपाली भाषा, साहित्य संस्कृति, चेतनाको विकास अनि भाषिक उन्नयनमा अतुलनीय योगदान दिएको कुरा बताउनु भयो। उहाँले आचार्यले भक्ति धाराको माध्यमद्वारा नेपाली साहित्यको आयतनलाई अत्यन्तै व्यापक बनाउने काम गरेकाले आदिकवि भानुभक्त नेपाली भाषा, साहित्यका मानस पिता हुन् भन्नुभयो।

कार्यक्रममा कृतिकार हर्क याक्सोको कृतिमाथि विशेष अतिथि डा.फणीन्द्रराज निरौलाले समीक्षात्मक टिप्पणी गर्नुभएको थियो। उहाँले निबन्धको अर्थ लगाउँदै निबन्धमा निजी विचार, निजी दृष्टिकोण प्रस्तुत गरिन्छ। निबन्ध अत्यन्त लोकप्रिय विधा मानिन्छ। बन्धमा 'नि' उपसर्ग लागेर निबन्ध भएको हो। निबन्धमा 'नि' विशेष प्रकारले 'बन्द' विचार, दृष्टिकोण बाँधिएको हुन्छ भन्नुभयो। निबन्ध लेख्ने कलाको सुरुवातकर्ता भोल्तेयरको उदाहरण दिँदै उहाँले बेलायती निबन्धकार बेकनले वस्तुपरक निबन्धको सिर्जना गरेको बताउनुभयो। उहाँले निबन्ध आत्मपरक र वस्तुपरक हुन्छन्। लक्ष्मीप्रसाद देवकोटाको आत्मपरक र समका निबन्ध वस्तुपरक हुन्। यो निबन्ध संग्रह आत्मपरकभन्दा वस्तुपरक निबन्ध हो। अझ यसलाई प्रबन्धात्मक निबन्ध भन्दा राम्रो होला भन्नुभयो। उहाँले हर्क याक्सोको कृतिमा विविध विषयवस्तुका विविध रचनाहरू प्रस्तुत भएको बताउनुभयो। प्रभावशाली भाषाशैलीको प्रयोगले मात्र निबन्ध बन्छ। निबन्धमा लेखकले तटस्थ बसेर वा विषयवस्तुसित घुलमिल भएर आफ्ना अभिव्यक्ति प्रस्तुत गर्छ भन्नुभयो।

हर्क याक्सोको निबन्धको सबल र दुर्बल पक्ष केलाउँदै उहाँले यस निबन्धमा शिक्षासँग, दर्शनसँग, राजनीतिसँग, मनोविज्ञानसँग, भाषा साहित्यसँग सम्बन्धित धेरै विषयवस्तु समेटिएका छन्। कृतिकारले आफूले भोगेका, देखेका, अनुभव गरेका, पढेका कुराहरूलाई यहाँ उजागर गर्नुभएको छ र सन्तुलित रुपमा वैज्ञानिक विचारहरू प्रस्तुत गर्नुभएको छ। समाजमा देखिएका कुराहरूलाई उजागर गर्नुभएको छ भन्नुभयो।

उहाँले निबन्ध शीर्षक चित्तबुझ्दो नभएको र सन्दर्भ ग्रन्थ दिने अनुसन्धानात्मक विधि पनि नभएकोले यसतर्फ ध्यान दिनसमेत कृतिकारलाई सल्लाह दिनुभयो। यसभित्र कृतिकारले मेरा मन छुने केही कविताहरू भनेर लक्ष्मीप्रसाद देवकोटाको पागलदेखि भूपि शेरचन, वैरागी काइँला, बालकृष्ण सम र वर्तमान जल्दाबल्दा कवि गोपीकृष्ण प्रसाईंको समेत छोटो परिचय र विशेषता कृतिमा उल्लेख गर्नुभएको कुरातर्फ औंल्याउनुभयो। यसरी स्रष्टाहरूको कृतिको अंश दिँदा सन्दर्भ ग्रन्थ आएको छैन, त्यसले गर्दा यस कृतिको ओज घटेको बताउँदै भाषा सम्पादनतर्फ देखिएका कमी कमजोरीतर्फ






पनि ध्यान दिन आग्रह गर्नुभयो। तैपनि ताप्लेजुङ जस्तो दुर्गम ठाउँमा बसेर याक्सोले दर्शनको चिन्तन, धर्मसंस्कृतिको चिन्तन, शिक्षाको चिन्तन, मनोविज्ञानको चिन्तन, राजनीतिको चिन्तन गर्नु आफैंमा गौरव र प्रशंसनीय काम भएकोले उहाँलाई मुरी मुरी धन्यवाद दिन्छु भन्नुभयो।

उक्त कार्यक्रममा विशेष अतिथि डा.रामभक्त ठाकुरले विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानले साहित्यलाई उठाउने, साहित्यकारलाई एक ठाउँमा राख्ने, चिन्तन गर्ने काम गरेकोमा हृदयदेखि नै प्रशंसा गर्नुभयो। घट्टेकुलो विकास समाजका संस्थापक अध्यक्ष एवं कलाकार मदनदास श्रेष्ठले समाजका विभिन्न विकृति, विसंगतिलाई साहित्यले उजागर गर्छ। यस हलमा साहित्यिक गतिविधि भइरहोस् भन्ने मेरो चाहनाले सार्थकता पाएकोमा हृदयदेखि नै धन्यवाद दिन चाहन्छु भन्नुभयो।

नेकपा माओवादीका नेता नन्दकुमार प्रसाईंले यस संस्थाले छोटो अवधिमा धेरै महत्वपूर्ण कार्य गरेकोमा धन्यवाद दिन चाहन्छु भन्नुभयो। उहाँले आदिकवि भानुभक्त आचार्यले भाषा र साहित्यको क्षेत्रमा पुऱ्याएको महान योगदानको चर्चा गर्दै पृथ्वीनारायण शाहको भौगोलिक एकीकरणबाट नै आज भौगोलिक र साहित्यिक एकताको जग बसेको हो भन्नुभयो। कृतिकार हर्क याक्सोलाई मनको काँडाको संज्ञा दिँदै उहाँले त्यस्तो दुर्गम ठाउँमा बसेर पनि याक्सोले साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो। उहाँले कृतिकार याक्सोले यो कृति आफूलाई समर्पण गर्नुभएकोमा हार्दिक आभार प्रकट गर्दै उहाँको उन्नति र प्रगतिको उत्तरोत्तर कामना गर्नुभयो। उहाँ राष्ट्रिय प्रतिभाको रुपमा उदाउनुभएको छ। उहाँको बढ्दो राष्ट्रिय व्यक्तित्व र कृतित्वको म प्रशंसा गर्दछु भन्नुभयो।

कृतिकार हर्क याक्सोले समाजसेवी, राजनीतिकर्मी, साहित्यकर्मी, कलाकर्मी सबैलाई धन्यवाद दिनुभयो। विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानले आफ्नो कृतिलाई




यसरी प्लेटफर्ममा राखिदिएर सार्वजनिक गरिदिएकोमा प्रतिष्ठानका अध्यक्ष गोपीकृष्ण प्रसाईलाई धन्यवाद ज्ञापन गर्नुभयो। उहाँले हामीले मानवको जन्म लिएपछि समाजका लागि केही दिएर जाऔं, समाजको सेवा गरेर हाम्रो जीवनलाई सार्थक बनाऔं भन्ने कुरा व्यक्त गर्नुभयो। उहाँले आफूले चेतनाका लागि पुस्तक लेखेकोलेयस पुस्तकभित्रका कुरालाई पढेर कमी कमजोरी औंल्याइदिनआग्रह गर्नुभयो।

कार्यक्रमका प्रमुख अतिथि नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति कान्छाकुमार कर्माचार्यले विशिष्ट व्यक्तित्वहरूको उपस्थितिमा गरिमामय कार्यक्रम भएकोले आयोजकलाई धन्यवाद दिन चाहन्छु भन्नुभयो। प्रतिष्ठानका अध्यक्ष गोपीकृष्ण प्रसाईंको अध्यक्षतामा सञ्चालित कार्यक्रममा पूर्वराजदूत टंक कार्की, प्रल्हाद प्रसाईं, ध्रुवनारायण श्रेष्ठ, मुकुन्द प्रसाईं, श्रीकृष्ण प्रसाईं, दीर्घराज प्रसाईं, प्रेम ओली ढकलपुरे, प्राज्ञ डा.उषा ठाकुर, ध्रुवनारायण श्रेष्ठ, शिवराम राजवंशी, कुश ढकाल, ज्ञानेन्द्र गदाल, दिलमाया श्रेष्ठको विशेष अतिथिको रुपमा उपस्थिति थियो। यस्तै अतिथिहरूमा खगेन्द्र प्रसाईं, हर्कशेर आङबुहाङ, सोम निरौला, प्रेम ओली ढकलपुरे, ध्रुव केसी, प्रवीण ओझा, ध्रुव प्रसाईं, ध्रुवराज तिवारी, अनिलबाबु श्रेष्ठ, जीवन श्रेष्ठ, टंक श्रेष्ठ, राजेश्वर थापा, तुलाराम गुरुङ, दंगध्वज खोयाहाङ, कृष्णमान श्रेष्ठ, खोमदत्त बराल, बिष्णु कुमार याक्सो, तक्दिरराज प्रसाईं, बिजेन प्रधानांग, माधव प्रधान, घनश्याम ओली, मुकुन्द प्रसाईं, साहित्यकार डिआर राई, शान्ति हेजु, सुशीला ढकाल अधिकारी लगायत हुनुहुन्थ्यो भने संस्थाका सदस्यहरू क्रमस सल्लाहकार किशोर उप्रेती, उपाध्यक्ष तेजेन्द्रकुमार प्रसाईं, सचिव कोपिला शिवाकोटी, सह कोषाध्यक्ष विनोद्कुमार श्रेष्ठ, वरिष्ठ सदस्यहरू क्रमशः राधिका दाहाल, कल्पना प्रसाईं पाठक, तिर्थराज दाहाल सीता प्रसाईं, कमल प्रसाईं, सीता अर्चना पौडेल, रश्मि रिमाल, नरहरि खरेल, भिष्मराज थपलिया, पवन कुमार प्रसाईं, आयुब बांस्तोला शान्ति याक्सो वन, बुद्धि आचार्य, ऐश्वर्य श्रेष्ठ, अमन दास, दुर्गा मैनाली,देबीदास भट्टराई, युवराज पौडेल, राम घिसिङ, बिष्णु शर्मा पौडेल, लोकनाथ पौडेल, खेम गौतम, निता खड्का, लोकराज जोशी, सुशिला केसी, डा.धिरज प्रसाईं, प्रनिता मिश्र प्रसाईं, साहित्यकार कल्पना अधिकारी आदिको पनि सक्रिय उपस्थिति रहेको थियो।

मायाको चिनो प्राप्त गर्नेहरुमा प्रमुख अतिथि के.के. कर्माचार्य, हर्क याक्सो, डा. फणीन्द्रराज निरौला किशोर उप्रेती, तेजेन्द्र प्रसाई, दुर्गा सिटौला, कल्पना प्रसाई पाठक, कोपिला शिवाकोटी, बिनोदकुमार श्रेष्ठ, तिर्थराज दाहाल, पवन कुमार प्रसाईं, सीता अर्चना पौडेल, कल्पना अधिकारी, धिरज प्रसाईं, प्रनिता मिश्र प्रसाईं, शान्ति याक्सो वन,आयुव बांस्तोला, रत्न शोभा महर्जन,प्रशान्त सुवेदी, नवीन पन्त, लोकराज जोशी आदि हुनुहुन्थ्यो।

यसै गरि संस्थाले साहित्यकार द्वय राजन न्यौपाने (श्रीयम) र सरस्वती गौतम( समृद्धि) लाई विश्व नेपाली भानु शिखर सम्मान-२०७९,बाल साहित्यकार निर्मला बराललाई विश्व नेपाली भानु शिखर सम्मान-२०७९ र संगीतकार हरिशरण सायमी लाई विश्व नेपाली भानु शिखर संगीत सम्मान-२०७९ द्वारा सम्मान गरेको छ। त्यस्तै स्रष्टाहरू राजनप्रसाद न्यौपाने, सरस्वती गौतम, संगीतकार हरिशरण शायमी र बाल कथाकार निर्मला बराललाई सम्मान गरियो। कार्यक्रम संस्थाकी आजीवन सदस्य सीता अर्चना पौडेलले सञ्चालन गर्नुभएको थियो। कार्यक्रममा कविता वाचन, गीत, मुक्तक पनि प्रस्तुत गरिएको थियो। कल्पना प्रसाईं पाठकले मीठो मुक्तक सुनाउनुभयो-

*हेर्दै जाउ मेरै छेउमा सर्ने बनाउँछु,*
*एकोहोरो मलाई माया गर्ने बनाउँछु,*
*अहिले भाउ खोज्दै पर पर सर्दै गरे पनि,*
*कसम कसम मेरै मायामा लठ्ठै पर्ने बनाउँछु।*

## जारको पानीबाट पनि हैजा फैलन सक्छ


डा. शेरबहादुर पुन

नास्टले बजारमा बिक्रीका लागि राखेका जारका पानीको नमुना संकलन गरी परीक्षण गर्दा कोलिफर्मको संख्या सामान्यभन्दा अधिक देखिएको (स्वास्थ्यमा हानि गर्न सक्ने संख्या) प्रमाणित गरेको थियो। तसर्थ, जारका पानीको उत्पादन गर्ने कम्पनी आधिकारिक, दर्ता भए/नभएको निश्चित गरेर उपभोग गर्दा सुरक्षित भइन्छ। असुरक्षित वा बिनाब्रान्डका जारका पानीबाट विगतमा हैजासमेत फैलिएको अनुभव छ। कपिलवस्तुको कृष्णनगर नगरपालिका-७, ८ र ९ मा असोज १८ देखि पखाला र बान्ताको कारणले ८ सय ८५ जना बिरामी भए। चार जना बिरामीको निधन पनि भयो। तीमध्ये तीन जना त १० वर्ष मुनिका थिए। नमुना परीक्षणबाट चार जनामा हैजाको जीवाणु पुष्टि भएको थियो। त्योसँगै ईकोलाई जीवाणु पनि देखिएको थियो। यो घटनाले फेरि कोरोनाकालभन्दा अगाडि बर्सेनि देखिँदै आइरहेको नन-कोभिड संक्रामक रोगहरूले एकपछि अर्को कमब्याक गरेको संकेत दिइरहेको छ।

हाल काठमाडौंमा हैजा फैलिरहेको/फैलँदो अवस्थामा रहेको संकेत दुई जना बिरामीमा पुष्टि भएसँगै सहजै अनुमान गर्न सकिन्छ। केही दिन यता झाडापखालाका बिरामी निरन्तर देखिने क्रम जारी छ। अधिकांश बिरामीमा कारक संक्रमण पत्ता लाग्ने गरेको देखिँदैन। झाडापखाला गराउने संक्रमणहरूमध्ये हैजाले छोटो समयमा नै जटिलता ल्याउन सक्ने सम्भावना बढी रहन्छ। १० संक्रमित मध्ये एक जनामा हैजाले जटिल अवस्था निम्त्याउँछ। समयमा उपचार गरिएन भने मृत्युदर ५० प्रतिशतसम्म पुग्न सक्दछ। तसर्थ हैजाको छिटो पहिचान र सही उपचार नै जटिलताबाट बच्ने मुख्य उपाय हो। लक्षणहरूको आधारमा हैजाको शंका गर्न सकिनेछ भने निश्चित निदानका लागि दिसाको कल्चर गर्नुपर्दछ।

हैजा विशेषतः ब्याक्टेरिया (हैजाको) मिश्रित पानी वा खानेकुराको उपभोग गर्दा संक्रमण हुने गर्दछ। यो छोटो समयमा तीव्र गतिमा फैलने गर्दछ। कृष्णनगर नगरपालिकामा पनि झाडापखाला छोटो समयमा सयौं संक्रमित भएको देखिन्छ। समयमा पहिचान गरी उपचार गर्न नसके २० देखि २५ प्रतिशतसम्म संक्रमितको मृत्यु हुन सक्छ। तर, समयमा उपचार पाए यसको मृत्युदर एक प्रतिशतभन्दा कम गर्न सकिन्छ। कृष्णनगरका वडाहरूमा फैलिएको हैजाको मृत्युदर पनि एक प्रतिशतभन्दा कम देखिएको थियो।

मृत्यु हुनेहरूमा घरमा बसेका, निजी क्लिनिक वा अस्पताल ल्याउँदै गर्दाहरू (ढिलो भएको देखिन्छ) छन्। हैजाका झाडापखाला यति घातक हुन्छ कि केही घण्टाभित्र संक्रमितले उपचार नपाए मृत्युसमेत हुने गर्दछ। तसर्थ, हैजाको संक्रमण पुष्टि भए तुरुन्त सम्बन्धित निकायमा खबर गरिहाल्नु पर्ने बाध्यकारी नियम पनि छ। हैजाको सेरो समूह 'ओ-१' र 'ओ-१३९' घातक र महामारीको रूप लिनसक्ने भएकोले विश्व स्वास्थ संगठनमा 'कलेरा' को नामले रिपोर्ट गर्ने गरिन्छ। यसको 'एलटोर' र 'क्लासिकल' गरी दुई बायोटाइप हुन्छन्। बायोटाइप पनि ओगावा, इनाबा र हिकोजिमा गरी तीन सेरोटाइपमा वर्गीकरण गरिएका छन्। कृष्णनगर नगरपालिका वडाहरूमा देखिएको हैजा 'ओ-१' सेरो समूहको ओगावा सेरोटाइप भनिएको छ। संक्रमण गरेको १२ घण्टादेखि ५ दिनसम्ममा लक्षणहरू देखिने गर्दछ। चामल माढेर निकालेको पानीजस्तो दिसा देखिनु, बान्ता हुनु, पेट वा खुट्टाको मांशपेशीका बाउँडिनु, तिर्खा लाग्नु, छटपटाहट हुनु यसका मुख्य लक्षणहरू हुन्।

मुटुको चाल तीव्र हुनु, रक्तचाप घट्नु, छाला सुक्खा हुनु, छाला तन्काउँदा पूर्ववत् अवस्थामा ढिलो फर्कनु आदि जस्ता समस्या वा अवस्थाहरू देखिने गर्दछ। समयमा उपचार नपाए मिर्गौला फेल हुने र अचेत अवस्थामा गएको केही घण्टामा बिरामीको मृत्युसमेत हुन सक्छ। ५ देखि १० प्रतिशत संक्रमितहरूमा कडा हैजा देखिने गर्दछ। हैजाका लक्षणहरू पनि अरू संक्रमणका कारणले हुने झाडापखाला जस्तै देखिने भएकोले प्रयोगशाला परीक्षणबाट मात्र निश्चित निदान गर्न सकिन्छ।

केही वर्षको फरकमा काठमाडौंमा पनि हैजा देखिने गरेको पाइन्छ। सडकका छेउछाउमा बेचिने खाने कुराहरूको सरसफाइमा सबैले राम्रो ध्यान नदिएको हुन सक्छ। केही वर्षअघि जारका (कम्पनीको नाम थाहा नभएका) पानी प्रयोग गर्नेहरूमा हैजा फैलिएको पाइएको थियो। म आफैंले यस विषयमा अवलोकन गर्दा सुरुमा धेरैले विश्वास गरेका थिएनन्। तर, पछि विभिन्न प्रयोगशालाहरूमा परीक्षण गर्दा हैजाका जीवाणुहरू पुष्टि भएका थिए।

म आफैंले युवा अवस्थामा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा सेवा दिँदा मनसुन सिजनको समयमा घण्टामा नै ४०/५० सम्म हैजाका कारणले भर्ना हुने बिरामी देखेको छु र त्यो अनुभव मसँग छ। केही वर्ष यता अस्पतालले झाडापखालाभन्दा पनि नयाँ-नयाँ इमरजिङ सरुवा रोगहरूसँग जुध्दै आइरहेको छ। कोरोना र डेंगु महामारीमा यस अस्पतालले खेलेको भूमिका यसको ज्वलन्त उदाहरणहरू हुन्।

हैजा तीव्र गतिमा फैलने प्राणघातक सरुवा रोग भए तापनि सामान्य सावधानीहरू मात्र अपनाउनसके यसबाट बच्न र द्रुत नियन्त्रणमा ल्याउन सकिन्छ। साबुनपानीले हात राम्ररी धुने (खासगरी शौचालय गएपछि), सफा र सुरक्षित खाना र पानीको उपभोग गर्नेजस्ता सरल उपायहरू अपनाउनसके हैजाबाट बच्च पर्याप्त हुनेछ। यी पाँच लक्षणहरू देखिए हैजाको शंका गर्न सकिनेछ। अचानक पीडारहित चामल पखालेको चौलानी पानीजस्तो अत्यधिक/तारन्तार दिसा हुनु। बान्ता तारन्तार हुनु। पेट वा/तथा खुट्टाका मांशपेशीका बाउँडिने। तिर्खा लाग्ने। बेचैनी हुनु। हैजा भिब्रियो कलेरा नामक ब्याक्टेरियाको कारणले हुने गर्दछ।

हाल समुदायस्तरमा झाडापखाला देखिएको र धेरैले आफैं औषधि लिने गरेको देखिन्छ र स्वास्थलाभ गर्न नसके मात्र अस्पताल भर्ना हुने गरेका देखिन्छन्। तर, हैजामा उपचार ढिला भए जटिल अवस्था देखिन सक्ने भएकोले यी माथि उल्लिखित लक्षणहरू देखिए तुरुन्त चिकित्सकको परामर्श लिनुपर्दछ। अबको आवश्यकता भनेको के कुरामा ध्यान दिँदा हैजाको संक्रमणबाट बच्न सकिन्छ र फैलनबाट रोक्ने भन्ने हो। यसका लागि यी निम्न कुरामा ध्यान दिन अति जरुरी हुनेछ।

१) खानेकुरा : हैजा घरबाहिरको खानपानबाट मात्र नभई आफ्नै घरको चुलोमा बनेको असुरक्षित खानेकुराबाट पनि सर्न सक्ने भएकोले खानेकुरा राम्रोसँग पकाएको ताजा खानुपर्दछ।

२) खानेपानी : हैजा फैलनमा खानेपानीको भूमिका महत्वपूर्ण हुने गर्दछ। अझ पानीको स्रोतमा नै हैजाको जीवाणु मिसिएको भए एकैपटक धेरैजना बिरामी हुन सक्छन्। काठमाडौंमा हैजाको स्रोत सर्वसाधारण वा मानिसहरू बढी जाने वा काम गर्ने ठाउँहरू हुनसक्छ। जस्तै चमेना गृह/रेस्टुरेन्ट वा कार्यालयजस्ता ठाउँमा हैजाको जीवाणु मिसिएको पानीको प्रयोग गरिएको भए धेरै मानिसहरू एकैपटक हैजाको झाडापखालाबाट प्रभावित हुनसक्नेछ। तसर्थ सार्वजनिक प्रयोजनका लागि राखिएका जारका पानी सुरक्षित भएको सुनिश्चित गर्नु/हुनु अति जरुरी हुन्छ/हुनेछ।

३) व्यक्तिगत सरसफाइ : खानेकुरा वा पानी वा दुवै संक्रमणविहिन भए पनि लक्षणविहिन संक्रमितले शौचालयबाट फर्कदा राम्रोसँग हात सफा नगरेको अवस्थामा खानेकुरा वा पानी संक्रमित हुनसक्नेछ र त्यसो भए सोको उपभोग गर्नेलाई संक्रमण हुनसक्दछ। तसर्थ हैजा फैलिएको स्थानमा जोकोहीले शौच गरिसकेपछि राम्रोसँग साबुन पानीले हात धुन अति आवश्यक हुनेछ। माथि उल्लिखित यी तीन कुरालाई ध्यान दिन सके हैजाको संक्रमणबाट बचिने र यसको फैलावटलाई ब्रेक लगाउन पनि सहयोगी हुनेछ।

धेरैले गर्मी महिनामा देखिने मौसमी संक्रामक रोगहरूको बारेमा भने खासै ध्यान दिएको भने पाइँदैन। यी संक्रामक रोगहरूमध्ये 'फुड पोइजनिङ' एक प्रमुख स्वास्थ्य समस्या हो र यो बर्सेनि देखिँदै आइरहेको पनि छ। यो वर्षको गर्मी महिनाले प्रवेश गर्दै गर्दा 'फुड पोइजनिङ' को समस्या पनि देखिन सुरू भएको अस्पतालको इमर्जेन्सी कक्षमा दैनिक उपचारका लागि आउने बिरामीहरूबाट पनि थाहा हुन्छ। सम्भवतः 'फुड पोइजनिङ' को समस्या लिएर बिरामीहरू सहरका अरू विभिन्न अस्पतालहरूमा पनि पुगिरहेका होलान् भनेर सहजै अनुमान गर्न सकिन्छ।

भाइरस, ब्याक्टेरिया, प्रोटोजोवा आदि जस्ता संक्रमणलाई 'फुड पोइजनिङ' को मुख्य कारक मानिन्छन्। यी संक्रमणले शरीरमा प्रवेश गरेको केही मिनेटदेखि घण्टाको फरकमा लक्षणहरू देखाउने गर्छन्। हाल अस्पतालमा देखिएको संख्याभन्दा धेरै मानिसहरू खानेकुराबाट संक्रमित भइरहेको अनुमान गर्न सकिन्छ। वाक-वाक/बान्ता हुने, पखाला लाग्ने, पेट दुख्ने/ बाउडिने, ज्वरो आउनेजस्ता समस्याहरू 'फुड पोइजनिङ' मा देखिने गर्दछ। धेरैलाई अस्पताल भर्ना गर्नुपर्ने अवस्था हुँदैन। प्रशस्त झोलिलो खानेकुरा खाएर वा जीवन जलको प्रयोग गरेर पनि स्वास्थ्य लाभ गर्न सक्छन्। तर, कतिपयमा भने जटिल अवस्था देखिने गर्दछ। विशेषतः ज्येष्ठ नागरिक, दीर्घ रोगी तथा बालबालिकामा जटिलताको जोखिम बढी हुने गर्दछ।

उच्च ज्वरो देखिनु, रगतमय पखाला हुनु, तारन्तार बान्ता हुनु, मुख/घाँटी सुक्नु, पिसाब कम/वा नहुनु, पखाला तीन दिनभन्दा बढी निरन्तर हुनुजस्ता समस्याहरू जटिल अवस्थाका संकेत हुन्। यसको लागि बिरामीलाई तुरून्त अस्पताल भर्ना गरी उपचार गर्नुपर्दछ। 'फुड पोइजनिङ' को समस्या बाहिरी खानेकुराहरूबाट मात्र नभई घरभित्रको भान्सा घरबाट पनि हुने गर्दछ। तर पछि अनुसन्धान गर्ने संस्था नास्टले बजारमा बिक्रीका लागि राखेका जारका पानीको नमुना संकलन गरी परीक्षण गर्दा कोलिफर्मको संख्या सामान्यभन्दा अधिक देखिएको (स्वास्थ्यमा हानि गर्न सक्ने संख्या) प्रमाणित गरेको थियो। हाल नेपाली समाजमा सजिलोको लागि वा बाध्यताको कारणले जारका पानीको प्रयोग व्यापक गर्न गरिन्छ। तसर्थ, जारका पानीको उत्पादन गर्ने कम्पनी आधिकारिक, दर्ता भए/नभएको निश्चित गरेर उपभोग गर्दा सुरक्षित भइन्छ। असुरक्षित वा बिना ब्रान्डका जारका पानीबाट विगतमा हैजासमेत फैलिएको अनुभव छ।

## नियात्रा
# स्मृतिको क्यानभासमा नयाँ रङ-८

✍ रामप्रसाद पन्त

नेपाली दूतावासमा साहित्यमय सम्वाद
आज १ नोभेम्बर २०१५

दिल्लीको पहाडगन्जमा छौं हामी। दिल्ली जाने नेपालीहरूलाई प्रायः कण्ठस्थ हुने नाम पहाडगन्ज। करिब दुई हजार होटल छन् भन्ने सुन्दै छु म। ती होटलहरूमा काम गर्ने नेपाली कति होलान्! र कामको सिलसिलामा दिल्ली गएर ती होटल उपभोग गर्ने नेपाली कति होलान्! के गनिसाध्य होला र? प्रायः मध्यमवर्गीय परिवार बस्ने ती होटलहरूमा सम्भ्रान्त वर्गीय वा कुटनीतिक व्यक्तित्वहरू भने कमै बस्दा रहेछन्।

हामी पनि मध्यमवर्गीय मानिस! दिल्ली हुँदै देहरादून जाँदा पनि यहीं बसेका थियौं र फर्किंदै गर्दा अहिले पनि यहीं बसेका छौं। रात्रीबस उपयोग गरी सिमलाबाट आजै बिहान पाँच बजे आइपुगेका हामीहरूलाई थकाइ र निद्रा दुवैले गाँजेको छ। हाम्रो सोचाइ छ– करिब आठ बजेसम्म हामी आराम गर्नेछौं, यस बीचमा नुहाइधुवाइ गरी चियानास्ता पनि खाइसक्नेछौं। त्यसपछि निस्कने छौं दिल्ली नगरी चक्कर मार्न। तर हामीले बिर्सने छैनौं चार बजे नेपाली राजदूतावास पुग्न।

यद्यपि पहाडगन्ज र अजमिरी गेटको बीचमा




रेल्वेस्टेशन छ। त्यहाँबाट दिल्लीको जुन कुनामा जान पनि रेल उपलब्ध हुन सक्छ तर हामीसँग समय छैन। रेलयात्रा गरेर एक दिनमा दिल्ली नगरी घुम्न सकिँदैन, तसर्थ होटलसँग भएको अग्रिम सम्झौता अनुसार हाम्रा लागि ठूला आकारको ट्याक्सी आइपुग्नेछ होटल बाहिर ठीक आठ बजे। आठ घण्टा हाम्रो अधीनमा हुनेछ त्यो ट्याक्सी। हामीले जहाँ जान भन्नेछौं जानेछ, जहाँ अडिन भन्ने छौं अडिने छ। हाम्रो आदेश अनुसार चल्ने छन् चालक जगदीश सिंह। तर जहाँसुकै गए पनि जतिसुकै हेरे पनि चार बजे पुग्ने छ नेपाली राजदूताबासको द्वारमा।

ट्याक्सी चढेर अगाडि बढ्दै गर्दा वृहन महाराष्ट्र भवनमा दृष्टि पुग्छ हाम्रो। चित्रगुप्ता रोड, पञ्चकुइयाँ रोड, थानामन्दिर मार्गको सहारा लिँदै अगाडि बढ्छौं हामी। अखिल भारत हिन्दू महासभा, लक्ष्मीनारायण मन्दिर र मदर टेरेसा किसैँढमाथि दृष्टिगोचर हुन्छ हाम्रो। अनुयायीहरूसहित फोटोचित्रको आधारमा कोरिएको मदर टेरेसाको मूति अति स्वाभाविक र सुन्दर देखिन्छ।

त्रिमूर्ति मार्ग आइपुगिएछ। त्यसपछि साउथ ब्लक। देखियो एमपी क्वार्टर र राष्ट्रपति भवन। यसैगरी हामी नर्थ ब्लक, साउथ ब्लक हुँदै इन्डिया गेट पुग्यौं। त्यस गेटसँग जोडिएर फोटो त खिच्नै पऱ्यो। एक जना अपरिचित पर्यटकसँग सहयोग माग्यौं हामीले, अनि एउटै क्लिकमा आबद्ध भयौं हामी।

हामीले जति सकिन्छ चक्कर लगाउनुथियो। कतै पसेर कुनै दृश्यमाथि सूक्ष्म अवलोकन गर्ने समय थिएन। मलाई भने त्यति रुचिकर लागिरहेको थिएन – सहरको हावा खाएर, आँखालाई लोभ्याएर मात्र। मन त एकछिन पुलकित होला तर मस्तिष्कको खुराक खोई? ज्ञान त भोकभोकै मर्ने भो नि!

हाम्रा दृष्टिमा विकानेर भवन पऱ्यो। अकबर रोड आयो। अनि देखियो कृषि मन्त्रालय र इन्दिरागान्धी मेमोरिएल। सफदरगन्ज रोड र अरविन्दो रोड हुँदै अगाडि बढ्दा भेटियो एम्स अस्पताल। त्यसपछि भेटियो वर्द्धमान महावीर मेडिकल कलेज। *(क्रमशः)*

# अग्निपथ योजनाविरुद्ध भारतमा युवा आन्दोलन



विष्णु भट्टराई

भारतीय जनता पार्टी नेतृत्वको सरकारले हालै सेनामा भर्तीका लागि अग्निपथ योजना ल्याएपछि त्यसको विरुद्धमा भारतीय युवाहरूले हिंसात्मक आन्दोलन चलाइरहेका छन् । आन्दोलनका बाबजुद पनि भारतीय सरकार भने सो योजनाबाट पछि नहट्ने देखिएको छ। रक्षामन्त्री राजनाथ सिंह र तीनवटै सेना





-जल, स्थल र हवाई) का सेनाप्रमुखहरूले अग्निपथ योजना कार्यान्वयन गर्ने दृढता व्यक्त गरेका छन् । आन्दोलन बुझाइका कमीले भएको उनीहरूको निष्कर्ष छ। विहारबाट सल्किएको युवा आन्दोलनको आगोले सिंगो भारतलाई लपेटिसकेको छ। युवाहरूले मात्र होइन, भारतीय संसदको प्रमुख विपक्षी दल भारतीय राष्ट्रिय कांग्रेसले पनि यो योजना गलत नियतले ल्याइएको भन्दै विरोध गरेको छ। साथै योजना फिर्ता लिन समेत सरकारसँग आग्रह गरेको छ। कांग्रेस उपाध्यक्ष राहुल गान्धीले युवाहरूलाई सम्मानजनक रुपमा भर्तीमा लिन नियमित भर्ती खोल्न पनि माग गरेका छन् ।

अग्निपथ नामको एक योजनापछि आक्रोशित युवाले देशभरका रेल, बस, भाजपा कार्यालय र पुलिस स्टेसनमा समेत आगजनी गरेका छन् । म्यादी सेना (अग्निवीर) को भर्ना गर्ने अग्निपथ योजना ल्याइँदा मोदीले वाहवाही बटुल्ने अपेक्षा गरिएको थियो, तर गत मंगलबार योजना घोषणायता मुलुकले दुर्भाग्यपूर्ण एवं अशान्त बाटो समातेको छ । यो शताब्दीको पहिलो दशकमा जब भारत अर्थ व्यवस्थामा फड्को मारिरहेका वेला जसलाई जनसांख्यकीय लाभांश भनिन्थ्यो, ती अहिलेका आक्रोशित युवा हुन् ।

दर्जनौं राज्यमा भइरहेका हिंस्रक प्रदर्शन पक्कै पनि विचलित पार्ने खालका छन्, तर यी प्रदर्शन अस्वाभाविक भने होइनन् । यी हिंस्रक प्रदर्शन तब भइरहेका छन्, जब भारतीय राज्यले हिंसामाथिको एकाधिकार हिन्दुत्ववादी भिडलाई साझा गरेको छ । तब भइरहेका छन्, जब बुलडोजर वा अत्याचारी देशद्रोहसम्बन्धी कानुन प्रयोग गरेर सत्तारुढ पार्टी आफ्ना विचार बोक्ने अराजक भिडलाई प्रोत्साहन गर्दै छ । सडकमा उत्रेका क्रुद्ध युवाले राजनीतिक उद्देश्य प्राप्तिका लागि हिंसाको प्रयोग जायज हो भन्ने ठानिसकेका छन् । नेतृत्वमा बसेकाले शान्तिपूर्ण तवरले मागको सम्बोधन गर्छु भनेर युवालाई हिंसात्मक प्रदर्शनबाट रोक्न सार्वजनिक अपिल पनि जारी गरेका छैनन । सेनाका प्रमुखलाई टेलिभिजन च्यानलमा पठाएर सरकारको अलोकप्रिय निर्णयको बचाउ गर्न खटाइँदै छ र पनि सडकमा कुनै प्रभाव देखिँदैन ।

दीर्घकालको सैन्य भर्तीलाई अग्निपथको म्यादी भर्तीको योजनाले प्रतिस्थापित गर्ने निर्णय सेनाको नेतृत्वले गरेको होइन । सेनाले सन् २०२० मा परीक्षणका लागि एक हजारसम्मका म्यादी भर्तीको योजना मान्न सकिने बताएको थियो । दिवंगत जनरल विपिन रावतले सबै किसिमको तालिम र संयन्त्रले सुसज्जित गराएर चार वर्षमै छोड्दा सन्तुलन नमिल्ने देखिँदा थप अध्ययन गरिनुपर्छ भन्दै आफ्नो असहमति जाहेर गरेका थिए । रावतले भनेजस्तो कुनै किसिमको अध्ययन भएको छैन ।

सरकारले बृहत् बहस र अध्ययन गरेको दाबी गरे पनि केन्द्रीय मन्त्री एवं अवकाश प्राप्त सेना प्रमुख जनरल विके सिंहले समेत आफूसँग यसबारे कुनै सल्लाह नगरिएको बताएका छन् । यो योजना सम्बन्धित प्रोपोगान्डा केही पत्रकारलाई बाँडिँदा योजना 'डिपार्टमेन्ट अफ मिलिटरी अफिसर्स'ले तयार पारेको भनिएको थियो, जब कि सो डिपार्टमेन्टको




नाम 'डिपार्टमेन्ट अफ मिलिटरी अफेयर्स' हुनुपर्ने हो । र, यसमा सचिव सिडिएसका प्रमुख हुन्छन्, तर प्रमुख विपिन रावतको देहान्तपछि (६ महिना) कुनै नयाँ प्रमुख नियुक्त गरिएको छैन । स्मरण रहोस्, रावत यस योजनामा सन्देह राख्थे । विषयवस्तु केलाउँदा अग्निपथ योजना राजनीतिक नेतृत्वबाट आएको हो र यसलाई प्रोपोगान्डा बनाएर सेनाका माध्यमबाट ओकल्न लगाइँदै छ ।

सरकारी रोजगारीका 'प्राथमिकता' प्रत्याभूति नभएकाले यी म्यादी सेना 'अग्निवीर' हिंसामा विश्वास गर्ने वैचारिक समूह एवं संगठनका लागि सिपाही बन्ने खतरा छ । रक्षामन्त्री राजनाथ सिंहले मंगलबारको प्रेस साक्षात्कारमा अनेक डिङ हाँके पनि उनले बढ्दो पेन्सन र तलबजनित आर्थिक समस्याका कारण अग्निपथको निर्णय लिइएको हो भन्ने कटु सत्यलाई छोप्न सकेको देखिन्न । आर्थिक समस्या एक श्रेणी एक पेन्सन (ओरोप) को वाचा र सेनालाई राष्ट्रवादको माथिल्लो सोपानमा चढाएर चुनावी राजनीति गरेर सत्तामा आएका कारणले पनि निम्तिएको हो । राजनीतिक लोकरिझ्याइँले सेनामा व्याप्त समस्याको इमानदार समाधानको विकल्पलाई निस्तेज गरिदिएको थियो ।

अग्निपथको योजनाले सम्भावित चारवर्षे म्यादी सेनाले कुनै पनि किसिमको आकर्षक तलब वा भत्ता पाउने देखाउँदैन । म्यादी योजनापछि पुनः सेनामा सम्मिलित हुन पाएकाको वर्षे अनुभवलाई नमानेर सरकारले अग्निपथ योजनाको उद्देश्य शोषण हो भन्ने देखाएको छ । एक लाखभन्दा बढी सेनाको आवश्यकता भएको अवस्थामा ४६ हजारलाई मात्रै अग्निपथबाट भर्ती गरिने भएको छ, जब कि भर्ती गरिने संख्या अवकाश प्राप्त सेनाको जति पनि छैन । तर, यसो गरिँदा सरकारको पैसा बच्ने देखिन्छ । यी परिघटनाले भारतको



विश्वमा शक्तिशाली हुने महत्वाकांक्षा र कमजोर अर्थतन्त्रको असामञ्जस्य दर्साउँछ ।

सैन्य क्षेत्रमा अग्निपथ योजनाले हाम्रा सेनाको व्यावसायिक क्षमता एवं परिचालन प्रभावकारितामा बाधा पुर्‍याउनेछ । वायु, थल, जललगायत भारतीय सेनाका विभिन्न निकायमा छोटो अवधिको तालिम पाएका म्यादी सेनालाई संगठनमा समावेश गर्न चुनौती देखिन्छ । त्यसबाहेक एकचौथाइ म्यादी सेना, जो सेनामा पुनः सम्मिलित हुनेछन्, त्यसले सेनामा थप जटिलता ल्याउने सम्भावना छ किनभने सेवाको अवधि र त्यससँग जोडिने पेन्सनमा कानुनी जटिलता अवश्यम्भावी छन् । र, यी जटिलता राजनीतिक मुद्दा बन्ने निश्चित छ ।

यो योजनाअन्तर्गत क्षेत्रीय, भाषिक वा जातीय असन्तुलन निम्त्याउनेछ किनभने यसले भर्तीमा समावेशिताको प्रत्याभूति गराउने साविकको 'रिक्रुटेबल मेल पपुलेसन' (आरएमपी) मानकलाई हटाउनेछ । यसले ठूलो राजनीतिक चुनौती थप्नेछ, किनभने यदि सेनामा सन्तुलन हुँदैन भने त्यसले नागरिक र सेनाबीचको सम्बन्धलाई अस्वस्थ बनाइदिन्छ, जुन लोकतन्त्रका लागि हानिकारक हो ।

एकपटक सेना हुनुको म्याद सकिएपछि यी म्यादी सेना समाजमा पुनर्स्थापित हुने क्रममा सामाजिक चुनौती निम्तिनेछन् । अवकाश प्राप्त सेनाको इज्जत र पेन्सन नहुनु त्यसमाथि सैन्य सीप नागरिकस्तरमा प्रयोगमा नआउने भएकाले यी अवकाश प्राप्त म्यादी सेनासँग सरकारले उपलब्ध गराएका तथाकथित रोजगारी 'प्राथमिकता'मा भर पर्नुपर्ने हुन्छ ।

यसैबीच भारतीय रक्षा मन्त्रालय र सेनाले 'अग्निपथ' योजना फिर्ता नहुने प्रस्ट पारेको छ । सेनामा जवानलाई ४ वर्षका लागि भर्ना लिने सरकारी योजना अग्निपथविरुद्ध आन्दोलन चुलिएका बेला रक्षा मन्त्रालय र सेनाले उक्त योजना लामो समयको अध्ययनपछि ल्याइएकाले पुनर्विचार नहुने बताएको हो ।

जुन २४ बाट योजनाअन्तर्गत 'अग्निवीर' सैनिक भर्ना प्रक्रिया प्रारम्भ हुने र आगामी डिसेम्बरमा पहिलो ब्याच तयार हुने जनाइएको छ । योजनाको विरोधमा युवाहरूले सुरु गरेको आन्दोलन हिंसात्मक बन्दै गएको छ । तर आइतबार रक्षा मन्त्रालय र तीनवटै सेनाका प्रमुखले गरेको संयुक्त पत्रकार सम्मेलनमा 'अग्निपथ' योजना आवश्यकता र यसका फाइदाको व्याख्या गरेका छन् । भारतीय रक्षामन्त्री राजनाथ सिंहले आइतबार बिहान तीनवटै सेना प्रमुखसँग गरेको छलफलपछि मन्त्रालयले संयुक्त पत्रकार सम्मेलन गरेको हो ।

पत्रकार सम्मेलनमा सेनाको परीक्षाको तयारी गराउने कोचिङ सेन्टरले आन्दोलन भड्काएको आरोप लगाइएको छ । हिंसात्मक आन्दोलनमा संलग्न रहेको आरोपमा मुद्दा खेपिरहेकाले सेनामा भर्ना हुन नपाउनेसमेत जनाइएको छ । पत्रकार सम्मेलनमा सैन्य मामिला विभागका अतिरिक्त सचिव लेफ्टिनेन्ट जनरल अनिल पुरीले 'अग्निवीर' बन्न चाहने युवाले आन्दोलन र हिंसामा संलग्न नरहेको प्रमाणपत्र पेस गर्नुपर्ने बताए ।

पुरीले सैन्य संगठनलाई युवा बनाइराख्न अग्निपथ योजना ल्याइएको बताए । उनले सन् १९८९ देखि नै सेनामा उमेर घटाउने योजनामा काम भइरहेको र अहिले क्रमशः अग्निपथ योजनासम्म आइपुगेको जानकारी दिए । सैनिक अधिकारीले अग्निपथ योजना युवाका लागि फाइदाजनक रहेको दाबी गरेका छन् । नियमित सैनिकभन्दा तलबभत्ता र सुविधा बढी दिइएको अधिकारीहरूको दाबी छ । पत्रकार सम्मेलनमा जल, स्थल र वायु सेनाका साथै रक्षा मन्त्रालयका अधिकारीहरू सहभागी थिए ।

सैनिक जवानको औसत उमेर ३२ रहेकामा त्यसलाई सन् २०३० सम्ममा २६ वर्षमा झार्ने र सैन्य संगठनलाई पूरा युवाहरूले भरिने तयारी भारतीय सेनाको रहेको बताइएको छ । अग्निवीरका लागि साढे १७ वर्षदेखि २१ वर्षसम्मका युवा योग्य हुने जनाइएको छ । तर, आन्दोलनपछि पहिलो वर्षका लागि २३ वर्षसम्मका युवालाई योग्य मानिएको छ । चार वर्षको कार्यकाल मात्रै हुने भएकाले २५ वर्ष पुग्दै गर्दा 'अग्निवीर' ले अवकाश पाउने छन् । भर्ना भएकामध्ये २५ प्रतिशतले चार वर्षपछि नियमित सेनामा अवसर पाउनेछन् ।




सेनाले भने अब हुने सबै भर्ना 'अग्निपथ' योजनाअन्तर्गत मात्रै हुने बताएको छ । यसअघि परीक्षा दिएर रिजल्ट वा माथिल्लो परीक्षाको प्रतीक्षामा रहेकाहरूले पनि नयाँ प्रक्रियामा आउनुपर्ने सेनाको भनाइ छ । तीनवटै सेनाले आफ्नो साझा पत्रकार सम्मेलनमा आन्दोलनमा लागेर समय बर्बाद नगरी तयारीमा लाग्न युवाहरूलाई आग्रह गरेका छन् ।

'सेना भनेको देशको रक्षाको कुरा हो, त्यसका लागि जोसले भरिएको युवा जनशक्ति चाहिन्छ,' जर्नेल पुरीले भने, 'त्यसका लागि सेनामा युवाहरूको संख्या बढाउनु नै अग्निपथ योजना हो ।' अग्निवीरले चार वर्षको अवधिमा प्रत्येक वर्ष ३० दिनको छुट्टीसँगै बिरामी बिदा दिइने, मासिक ३० हजारका दरले दिइने तलब प्रत्येक वर्ष वृद्धि हुने र विभिन्न भत्ताको व्यवस्था गरिएको छ । चार वर्षपछि अवकाशका समयमा ११ लाख रुपैयाँलगायतका सुविधा पाउने छन् । सेवामा रहँदा ज्यान गुमाउने सैनिकका परिवारले बिमा गरिएको एक करोड रुपैयाँ पाउने छन् ।

चारवर्षे कार्यकालको म्यादी सेना भर्तीले भारतमा युवा बेरोजगारीलाई बढाउने विश्लेषण गरिएको छ । भारतमा सेनामा प्रवेश हुनुलाई एउटा गौरवको विषय मानिन्छ। सेनामा भर्तीपछि युवाहरूको भविष्य पनि सुनिश्चित हुने गर्छ। अन्य जागिरभन्दा सेनामा भर्ती हुन युवाहरू विशेष आकर्षित हुने गर्छन्। भारतीय समाजमा सेनालाई विशेष सम्मानजनक दृष्टिले हेर्ने गरिन्छ। एकातिर भविष्यको बन्दोबस्ती अर्कातर्फ समाजमा इज्जत हुने भएकाले भारतीय युवाहरूको आकर्षण सेनामा भर्ती हुनमा केन्द्रित रहेको पाइन्छ।

प्रेरक

## अब प्रहरी बोलाउनुस्

एकपटक एक सन्त युरोपको यात्रामा थिए । कतै जाने क्रममा उनी रेलबाट यात्रा गरिरहेका थिए । उनी झ्यालबाहिरको दृश्यमा मग्न थिए । नजिकै दुई स्थानीय महिला बसेका थिए । सन्तको गेरुवस्त्र देखेर ती दुई महिलाले उनको खुब मजाक उडाए । तर, सन्त सुनेर पनि नसुनेजस्तै गरी आफ्नै धुनमा मग्न भइरहे ।

सन्तले एउटा घडी बाँधेका थिए । कुनै युरोपेली प्रशंसकले उनलाई त्यो उपहारमा दिएका थिए । घडी हेर्दा निकै महँगोजस्तो देखिन्थ्यो । त्यसैले, ती दुई महिलाले उनको त्यो घडी लुट्ने योजना बनाए । उनीहरूले सन्ततिर हेर्दै भने- ओ अनौठा मान्छे ! तिमीले बाँधिरहेको घडी खुरुक्क हामीलाई देऊ । आनाकानी गर्‍यौ भने तिमीले हाम्रो इज्जत लुट्ने कोसिस गर्‍यौ भनेर प्रहरी बोलाएर उजुरी गरिदिन्छौँ । महिलाले भनेको कुरा सुने पनि ती सन्तले सुन्दै नसुने जस्तो व्यवहार गरिरहे । उनले उनीहरूतिर ध्यानै दिएनन् ।

ती महिलाले ती सन्त बहिरो भएको ठानेर इसाराले पनि आफ्नो कुरा बुझाउन खोजे । तर, सन्तले त्यो पनि नबुझेजस्तो गरे । अन्त्यमा, सन्तले एउटा कलम र कापीको पाना निकाले र आफूले भन्न खोजेको कुरा त्यसमा लेखेर दिनू भन्दै इसारा गरे । उनीहरूले पनि त्यसमा आफूले भन्न खोजेको कुरा लेखेर दिए । सन्तले त्यो कागज लिए र पढे, जसमा लेखिएको थियो- तिमी आफ्नो घडी खुरुक्क हामीलाई देऊ । अन्यथा, हामी प्रहरी बोलाएर तिमीले हाम्रो इज्जत लुट्ने कोसिस गर्‍यौ भनेर उजुरी गरिदिनेछौँ ।

कागज पढिसकेपछि सन्त मुसुक्क मुस्कुराए र मिठो अंग्रेजी लवजमा नम्रतापूर्वक भने- महोदयाहरू, ल हुन्छ, अब प्रहरी बोलाउनुहोस् । सन्तको कुरा सुनेर ती दुई महिला झसङ्ग भए र त्यहाँबाट अर्कै डिब्बातिर लागे । ती सन्त थिए- स्वामी विवेकानन्द ।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

अरूको करकापमा काम गर्नुपर्ने परिस्थिति आउन सक्छ । उधारोमा व्यापार हुनेछ । व्यवसायमा लगानी बढाउनुपर्ने समय छ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ । स्वाभिमानका लागि लाभांश त्याग्नुपर्ला । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । छर-छिमेकमा असमझदारी बढ्नेछ । आकस्मिक खर्चले मन अत्तालिए पनि लामो यात्रा गर्ने अवसर जुट्न सक्छ ।

### वृष

मिहिनेतले आम्दानी बढाउनेछ । आयस्रोत बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । दिगो काम थालनी हुन सक्छ । पढाइमा पनि प्रगति हुनेछ । सट्टापट्टा, लेनदेन आदिमा फाइदा हुनेछ । व्यापारमा थन्किएका वस्तु बिक्री हुनेछन् र अड्किएको रकम उठ्नेछ । श्रमको उचित मूल्यांकन हुनेछ । भविष्यका लागि रुचिका विषयमा लगानी बढाउन सकिनेछ ।

### मिथुन

भाग्यवश कीर्तिमानी काम गर्ने अवसर प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । दाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । प्रयत्न गर्दा महत्त्वपूर्ण वस्तु लाभ होला । सहयोगीहरूले हिम्मत दिलाउनेछन् । प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ ।

### कर्कट

आफ्नै वचनबद्धता पालना गर्न नसक्ने स्थिति रहनेछ । अस्वस्थताका बाबजुद जिम्मेवारी थपिनेछन् । अरूका काममा समय बित्न सक्छ । चिताएको काम बीचैमा रोकिनाले दोहोर्‍याउनुपर्ने स्थिति आउला । आशा देखाउनेहरूले धोका दिनेछन् । प्रयत्न गर्दा केही काम बन्नेछन् । अरूलाई फाइदा हुने काम सम्पादन गर्न सकिनेछ । धर्मकर्म र सेवामूलक काममा मन रमाउनेछ । कुरा काट्नेहरूको कमी हुने छैन । प्रयास गरे राम्रा काम बन्न सक्छन् ।

### सिंह

पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला । गोपनीयता बाहिरिनाले काममा समस्या आइपर्ने देखिन्छ । खानपानको असावधानीले स्वास्थ्यलाई हानि गर्न सक्छ । सुझबुझका साथ काम लिन नसक्दा पछि परिएला । शुभचिन्तकहरूको सद्भाव कायम राख्न सजग रहनुपर्नेछ । पहिलेका कामबाट फाइदा भइरहनेछ । व्यापारमा पनि सेवाग्राहीहरूको मन जित्ने प्रयत्न गर्नुहोला ।

### कन्या

सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ । नयाँ उपहारले उत्साह जगाउनेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ । परिवारजनको साथले उत्साह जगाउनेछ । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । व्यवसायबाट आम्दानी भइरहनेछ । भौतिक वस्तुहरू जुटाउन सकिनेछ ।

### तुला

मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ । प्रतिस्पर्धामा विजयी भइनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । स्वास्थ्य सबल रहनेछ भने शत्रुहरू परास्त हुनेछन् । व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ । महत्त्वाकांक्षी कार्य शुभारम्भ गर्ने समय छ ।

### वृश्चिक

परिस्थितिवश चिताएको काम रोकिन सक्छ । कामको मेसो नमिल्दा योजना अधुरै रहनेछ । हल्लाको पछि लाग्दा व्यर्थैमा दुःख पाइनेछ । आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन् । स्वास्थ्य-चिन्ताले सताउला । अध्ययनमा बाधा हुनेछ भने अरूका लागि वृद्धि र श्रम खर्चनुपर्ला । लक्ष्य प्राप्त गर्ने समय लाग्नेछ । नयाँ काम थाल्न शुभचिन्तकहरूले मात्र साथ दिनेछन् ।

### धनु

अरूको फाइदाका लागि उपयोग भइनेछ भने आफ्ना लागि परिस्थिति प्रतिकूल रहनेछ । आफ्नैले धोका दिन सक्छन् । हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ । बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउला । ईर्ष्यालु मन भएकाहरूले काममा अवरोध पुर्‍याउन सक्छन् । आफ्ना सामानमा अरूले दाबी गर्लान् । परिस्थितिसँग सम्झौता गर्नुपर्ला ।

### मकर

प्रयत्नले राम्रै अवसर पाइनेछ । साथीभाइले पनि सहयोग जुटाउनेछन् । पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ । व्यापारमा मनग्गे धनलाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ । चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा फाइदा हुनेछ ।

### कुम्भ

समयमा वचन पुर्‍याउन नसक्दा अरूले आलोचना गर्न सक्छन् । बेसुरमा बोल्ने बानीले वादविवाद निम्त्याउन सक्छ । मिहिनेत गरिकन चिताएको मूल्य प्राप्त नहुने देखिन्छ । अध्ययनमा त्यति समय दिन नसकिएला । ईर्ष्या गर्नेहरूले पनि विनाकारण सताउन सक्छन् । महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला । परिस्थितिले आफ्नो स्वतन्त्रतामा बाधा पुर्‍याउनेछ ।

### मीन

लगनशीलताले व्यक्तित्वमा निखारता आउनेछ । काम पूरा हुनाले समय फुर्सदिलो रहनेछ । बिछोडिएका आफन्तसँग रमाइलो भेटघाट हुनेछ । पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । महत्त्वाकांक्षी कार्य प्रारम्भ होला । पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Jettison = मिल्काउनु । परित्याग गर्नु As he found the theory or idea impractical, he jettisoned it अव्यावहारिक लागेको कारणले गर्दा उसले त्यो सिद्धान्त वा विचारधारा प्रतिको आस्था नै परित्याग गरिदियो ।

Knotty = गाँठो परेको । जटिल What is knotty to you has always been simple for him तिमी जुन कुरालाई जटिल मान्छौ त्यो उसका लागि सधैं साधारण हुने गर्दछ ।

Lewd = अश्लिल । मजाक उडाउने He is infamous for his lewd expression अश्लिल अभिव्यक्तिका लागि ऊ कुख्यात छ ।

Mettle = धैर्य । साहस When challenged he presents himself to be a man of mettle चुनौतीको सामना गर्नु पर्दा ऊ आफूलाई सदा धैर्यवान मानिसको रूपमा प्रस्तुत गर्दछ ।

Nip = उत्थान, विकास र प्रगतिमा बाधा पार्नु । भण्डाफोर गर्नु । जाडोले कठ्यांग्रिनु The extreme cold has nipped my fingers अति जाडोले गर्दा मेरा औंलाहरू कठ्यांग्रिएका छन् ।

Ordain = आदेश जारी गर्नु The king ordained the christians not to convert by force the religion of local people स्थानीय जनताको धर्म परिवर्तन बलजफ्तीपूर्वक नगर्नु भनेर राजाले आदेश जारी गरे ।

Perforate = लहरै ससाना प्वाल पार्नु For tearing easily the pages of a letter pad, you have to perforate them in upper part of the page लेटर पेडको पाना सजिलै च्यात्नको लागि पेजको माथिल्लो भागमा लहरै साससाना प्वाल पार्नु पर्दछ ।

Quotidian = दैनिक He follows a quotidian routine in order ro carry-out the activities in a very managed way धेरै व्यवस्थित तरिकाबाट आफ्नो कार्य सम्पन्न गर्नको लागि ऊ आफ्नो दैनिक तालिका बनाई सो अनुरुप गर्दछ ।

Regale = मनोरञ्जन गराउनु He always regales the children by telling them beautiful tales ऊ राम्रा राम्रा कथाहरू भनेर बच्चाहरूलाई मनोरञ्जन गराउँछ ।

Scourge = राक्षस The new boss was a scourge of the inefficient काम गर्न नजान्नेहरूको लागि त नयाँ हाकिम राक्षसै हो ।

## Break बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Break something off = तोड्नु Before starting war those two country broke the diplomatic relations off युद्ध सुरु गर्नुअघि ती दुवै देशले कुटनीतिक सम्बन्ध तोडे ।

Break out = फैलनु Fire broke out in the forest suddenly जंगलमा आगो एक्कासी फैलियो ।

Break out of = भाग्नु Prisioners broke out of the jail कैदीहरू जेलबाट भागे ।

Break through = नयाँ रेकर्ड बनाउनु Latest discovery of the medicine against cancer is a break through of this century क्यान्सरको पछिल्लो औषधी पत्ता लाग्नु यो शताब्दिकै नयाँ रेकर्ड बनेको छ ।

Break through something = तोड्नु Demonstrators broke through the policemen cordon and proceeded ahead प्रदर्शनकारीहरूले प्रहरीको घेरा तोडी अगाडि बढे ।

Break up = त्याग्नु He broke up the membership of our party and became independent हाम्रो पार्टीको सदस्यता त्यागी ऊ स्वतन्त्र भयो ।

Break up for = विदा लिनु From when do you break up for Dasai दशैंका लागि तिमी कहिलेबाट विदा लिन्छौ ?

Break up on = ठोकिएर टुक्रा टुक्रा हुनु The ship broke up on the marinal rocks समुद्री चट्टानमा ठोकिएर जहाज टुक्राटुक्रा भयो ।

Break something up = भाँड्नु Police was deployed to break the public meeting up आमसभा भाँड्नका लागि प्रहरी तैनाथ गरिएको थियो ।

Break with somebody = अन्त्य गर्नु । तोडनु She does not like to break with her husband तिनी आफ्नो श्रीमानसँग सम्बन्ध अन्त्य गर्न मन गर्दिनन् ।

## सुडोकु-अंक २६६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | | | | ८ | ५ | | | |
| | | | | | | ७ | | |
| ५ | ८ | ४ | | ९ | | २ | | |
| | ९ | ३ | | | ४ | | | |
| १ | | | | ५ | | | | ३ |
| | | | ६ | | | ४ | १ | |
| | | २ | | ३ | | ८ | ४ | ६ |
| | | ८ | | | | | | |
| | | | १ | ४ | | | | ७ |

## अंक २६५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ३ | २ | ५ | ९ | ६ | ८ | ४ | १ |
| ९ | ४ | ८ | ३ | १ | ७ | २ | ५ | ६ |
| ६ | १ | ५ | ४ | २ | ८ | ९ | ३ | ७ |
| २ | ६ | ७ | १ | ६ | ४ | ३ | ८ | ९ |
| ४ | ६ | ३ | ७ | ८ | ९ | १ | २ | ५ |
| ८ | ९ | १ | २ | ३ | ५ | ६ | ७ | ४ |
| ३ | ८ | ४ | ६ | ५ | १ | ७ | ९ | २ |
| ५ | २ | ६ | ९ | ७ | ३ | ४ | १ | ८ |
| १ | ७ | ९ | ८ | ४ | २ | ५ | ६ | ३ |

## समाचार

### विशिष्ट व्यक्तिको उडानमा अनिवार्य दुई पाइलट

काठमाडौं । नेपाल सरकारले तोकेका विशिष्ट व्यक्तिको हवाई उडानमा दुई जना हेलिकप्टर पाइलट राख्नुपर्ने व्यवस्था नेपाल नागरिक उड्डयन प्राधिकरणले अनिवार्य गरेको छ । संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेमबहादुर आलेको अध्यक्षतामा बसेको नेपाल नागरिक उड्डयन प्राधिकरण, सञ्चालक समितिको बैठक सकिएलगत्तै प्राधिकरणले विज्ञप्ती जारी गर्दै नेपालको आन्तरिक उडानमा रहेका हेलिकप्टरलाई अबका दिन विशिष्ट व्यक्तिको सवारीमा अनिवार्य दुई जना पाइलोट रहनुपर्ने निर्णय गरिएको जनाएको छ ।

त्यसै गरी प्राधिकरणले स्वचालित प्रणालीले तोकेबमोजिम दुई जना पाइलट राख्नुपर्ने अनिवार्य व्यवस्थासमेत गरेको छ । हाल नेपालमा १० वटा निजी र नेपाल सरकारको एक गरी ११ वटा हेलिकप्टर कम्पनी छन् । प्राधिकरणले काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा जहाजको पार्किङ क्षमता भरिएकाले काठमाडौं बाहिर हेलिकप्टर र जहाजलाई सार्ने निर्णयसमेत गरेको छ । हवाईजहाज सञ्चालक कम्पनीले यही असार १३ देखि तोकिएका आधार विमानस्थलमा जहाज पार्किङ गर्नुपर्ने जनाएको छ ।

त्यस्तै हेलिकप्टरले पनि यही ७ गतेदेखि तोकिएका काठमाडौं बाहिरका विमानस्थलमा रात्री विसान गरी पहिलो उडान ती विमानस्थलबाटै अनिवार्य गर्नुपर्ने भएको छ ।

### जुत्ता चप्पल मेलामा विशेष छुट

काठमाडौं । काठमाडौंको भृकुटी मण्डपमा जारी बृहत जुत्ता चप्पल मेलामा जुत्ताचप्पल खरिद गर्नेहरूको भिड बढ्दै गएको छ । मेलामा हजारभन्दा मोडलका जुत्ता चप्पल ३० देखि ७० प्रतिशतसम्म छुटमा किन्न पाइने भएकाले सर्वसाधारणको भिड बढेको हो ।



मेलाका संयोजक रामहरि तोलाङ्का अनुसार मेलामा धेरै ग्राहक आउने र व्यापार पनि धेरै हुने भएकाले थोरै मात्रै नाफा खाएर बिक्री गर्न व्यवसायीहरू सहमत भएकाले जुत्ताचप्पल सस्तोमा उपलब्ध गराउन सकिएको हो । ''व्यापार धेरै भएपछि छुट पनि धेरै दिन सकिने भएकाले हामीले ३० देखि ७० प्रतिशतसम्म छुटको व्यवस्था गरेका हौं,'' संयोजक तोलाङ्ले भन्नुभयो ।

मेलामा झण्डै एक दर्जन जुत्ता चप्पल उद्योगहरूको उत्पादन राखिएको शिखर सुका प्रवन्ध निर्देशक रामकृष्ण प्रसाईंले जानकारी दिनुभयो । आफूहरूले विगतमा आयोजना गरेका यस्तै मेलामा ग्राहकहरूको आकर्षण बढेकाले ग्राहककै माग अनुसार यस पटक पनि मेला आयोजना गरिएको उहाँको भनाई छ ।

मेलामा भेटिनु भएका बानेश्वरका बासिन्दा सुरेश श्रेष्ठले नेपाली उद्योगले नै उत्पादन गरेको जुत्ता चप्पल पनि अहिले विदेशी जुत्ता चप्पलभन्दा राम्रा उत्पादन हुने गरेको कुरा आफूले विगतका मेलामा किनेका जुत्ता चप्पलको प्रयोगबाट महसुस गरेको बताउनु भयो । उहाँले विगतका मेलामा किनेका जुत्ता चप्पलबाट सन्तुष्ट भएकाले अहिलेको मेलामा पनि जुत्ता चप्पल किन्न सपरिवार आएको जानकारी दिनुभयो । विदेशी जुत्ता चप्पल गुणस्तरभन्दा मूल्य बढी हुने गरेको अनुभव सुनाउँदै उहाँले भन्नुभयो, ''नेपाली जुत्ता चप्पल गुणस्तर र टिकाउ अनुसार मूल्य पनि सस्तो छ ।''

''विदेशी भनेपछि जस्तोलाई पनि राम्रो मान्ने नेपालीहरूको मानसिकता छ, त्यो गलत र भ्रम पूर्ण हो, विदेशीहरूभन्दा नेपाली जुत्ता नै धेरै बलिया, राम्रा, आकर्षक र सस्तो पनि छन्,'' मेलामा भेटिएकी अर्की ग्राहक एलिशा ज्ञवालीले भन्नुभयो ।

नेपाली उपभोक्ताले नेपाली उत्पादन नै प्रयोग गर्दै जाने हो भने नेपाली उद्योग फस्टाएर थप गुणस्तरीय जुत्ता चप्पल थप सस्तोमा पाइन सकिने भएकाले नेपाली जुत्ता चप्पल प्रयोग गर्न उहाँले सबैलाई आग्रह गर्नुभयो ।

अन्यत्र २५ सय रुपैयाँ पर्ने जुत्तालाई मेलामा आफूले ७ सय रुपैयाँमा पाएकाले मेलालाई आफूले अवसरको रुपमा लिएको ज्ञवालीको भनाई छ । मेलामा निम्न आय भएकादेखि उच्च आय भएकासम्मका सबै प्रकारका ग्राहकहरूको भिड लागेको पाइएको छ ।

### १७ खर्ब ६३ अर्बको आयात

काठमाडौं । सरकार र केन्द्रीय बैंकले सामान आयातमा कडाइका बाबजुद पनि जेठ महिनासम्ममा १७ खर्ब ६३ अर्ब रुपैयाँको सामान आयात भएको छ ।

भन्सार विभागले उपलब्ध गराएको तथ्यांक अनुसार चालु आर्थिक वर्षको जेठ महिनासम्म अघिल्लो वर्षको जेठ महिनाको तुलनामा २७.५ प्रतिशतले आयातमा वृद्धि भएको छ । गत आवको ११ महिनामा १३ खर्ब ८३ अर्ब रुपैयाँको सामान आयात भएको थियो ।

नेपालले चालु आवको ११ महिनामा १ खर्ब ८५ अर्ब रुपैयाँको सामान निर्यात गरेको छ जुन अघिल्लो वर्षको सोही महिनाको तुलनामा ५३.३ प्रतिशत वृद्धि हो । जेठ मसान्तसम्म व्यापार घाटा २४ प्रतिशतले बढेर १५ खर्ब ७७ अर्ब रुपैयाँ पुगेको छ । नेपालको आयात निर्यात अनुपात ११ महिनासम्ममा ९.४९ गुणा रहेको छ । जुन अघिल्लो वर्षको तुलनामा १८.३ प्रतिशतले बढी हो । नेपालको कुल व्यापारमा आयातमा हिस्सा ९०.४७ प्रतिशत रहेको छ । यो अघिल्लो वर्ष भन्दा १.६ प्रतिशतले कम हो ।

नेपालले सबैभन्दा धेरै एक खर्ब ४५ अर्ब को डिजल, पेट्रोल ६२ अर्ब ९१ करोड र एलपीजी ग्यास ५९ अर्ब १६ करोड र सुन २६ अर्ब रुपैयाँ बराबरको आयात भएको छ । त्यस्तै सोयाबिन तेल, पाल्म तेल र सनफ्लावर तेल बढी आयात भएको छ । कच्चा सोयाबिन तेल ३५ अर्ब ४४ करोड, पाल्म तेल २९ अर्ब ६५ करोड र कच्चा सनफ्लावर तेल १४ अर्ब ६७ करोड रुपैयाँको आयात भएको छ । यी वस्तुहरूलाई केही प्रशोधन गरेर नेपालले निर्यात गर्ने गरेको छ । केही प्रतिशत मात्रै भ्याल्यु एडिसन गरेर निर्यात हुने हुँदा पछिल्लो समय नेपालको निर्यात व्यापार पनि झन्डै ५३.३ प्रतिशतले बढेको देखिएको छ ।

यस्तै, निर्यात हुने धेरै वस्तुहरूमा पनि पाम, सोयाबिन, सनफ्लावर तेल अगाडि छन् भने यसपछि अलैंची र विविध किसिमका धागो रहेका छन्। ११ महिनासम्मको तथ्यांक अनुसार सोयाबिन तेल ४६ अर्ब ५८ करोड, पाम तेल २४ अर्ब ६५ करोड, सनफ्लावर तेल ४ अर्ब ४५ करोड रुपैयाँको निर्यात भएको छ ।

### ग्याँसमा दुई थरी मूल्य हुने

काठमाडौं । नेपाल आयल निगमले ग्यासको दुई थरी मूल्य कायम गर्ने तयारी थालेको छ । सोमबार पत्रकार सम्मेलनको आयोजना गर्दै निगमका कार्यकारी निर्देशक उमेश थानीले ग्यांसको दुई थरी मूल्य कायम गर्ने तयारी भइरहेको बताउँदै त्यसको लागि एक समिति समेत गठन भएको जानकारी दिए ।

निगमले आइतवार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलमा २१ रुपैयाँ मूल्य बढाए १९९ रुपैयाँ तथा डिजेल र मट्टितेलमा २७ रुपैयाँ मूल्य बढाएर १९२ रुपैयाँ पुऱ्याएको थियो । अन्तर्राष्ट्रिय रुपमा भएको मूल्य वृद्धि अनुरुप नै नेपालमा मूल्य वृद्धि गर्नु परेको प्रष्टिकरण दिँदै थानीले अहिले सबैभन्दा धेरै घाटा ग्याँसमा व्यहोर्नुपरेको बताए । निगम अनुसार एक सिलिन्डर ग्याँसमा निगमलाई ७५१ रुपैयाँ १४ पैसा घाटा रहेको छ । निगमले अहिले प्रति सिलिन्डर १८ सय रुपैयाँमा बिक्री गरिरहेको छ ।

गरिब घर परिवारलाई सस्तो र धनी परिवारलाई महँगो (सम्भवत परल मूल्यमा) ग्यास बेच्ने गरी मूल्य कायम गर्ने तयारी गरिएको छ। यसकै लागि नापतौल विभागका महानिर्देशकको नेतृत्वमा समिति गठन गरिएको छ।

पूर्वाधार कर समायोजन गरेको रकम अर्थ मन्त्रालयसँग शोधभर्ना लिने निगमले जनाएको छ। ४५ दिनको प्रतिलिटर १० रुपैयाँ शोधभर्ना गर्ने तयारी निगमको छ। आयल निगमले करिब २ हप्ता अगाडि अर्थ मन्त्रालयको निर्देशनमा पेट्रोलियम पदार्थमा लाग्दै आएको प्रति लिटर १० रुपैयाँ पूर्वाधार कर कटौती गर्न निर्देशन दिएको थियो । सोही बमोजिम निगमले पेट्रोल, डिजेल र मट्टितेलमा १० रुपैयाँ मूल्य सस्तो बनाएको थियो तर १ हप्ता पनि नबित्दै निगले फेरि मूल्य वृद्धि गरेको थियो ।

# DPRK SEEN THROUGH ITS HOUSING CONSTRUCTION

This is an artist's impression of a residential district being built in the Hwasong area in Pyongyang, the capital city of the Democratic People's Republic of Korea.

Similar impressions can be found in the Komdok area, a leading nonferrous minerals production base, in the Ryonpho area, where construction of a large-scale greenhouse farm is under way, and even in rural villages.

Through these artists' impressions, the international community not only sees the houses this country is going to build; it is what the country aspires to through housing construction.

In recent years the country has built one modern street after another, starting with Changjon Street built in downtown Pyongyang in 2012 to Unha Scientists Street, apartment houses for the educationists at Kim Il Sung University and Kim Chaek University of Technology, Wisong Scientists Dwelling District, Mirae Scientists Street, Ryomyong Street, 10 000 flats in the Songsin and Songhwa district and the Pothong riverside terraced houses district.

Construction in Samjiyon in a northern area of 1 300m above sea level, which was conducted in three stages for four years, was finished in 2021. Low- and multi-storyed apartment houses with thousands of flats have been built in this city. When the Yangdok Hot Spring Resort was under construction in the middle part of the country, thousands of houses were built; when a large-scale vegetable greenhouse farm and a tree nursery was under construction in the northeastern part of the country, hundreds of houses were also built for their employees. Last year alone thousands of houses were built in various parts of the country.

Now a hydropower station of national significance is under way, and the state has given priority to the construction of houses. This shows the meticulous care of the ruling Workers' Party of Korea and the government of the country that try its best not to make people experience any difficulty in their living by giving precedence to housing construction in anticipation of the removal of houses for the project.



**Part of Ryomyong Street**

In 2015, 2016, 2020 and 2021 flooding, heavy rain and typhoon hit the country, making many people homeless. Each time the Party and the government designated housing construction as a major thrust area in the rehabilitation projects, and enlisted all the human, material and technical resources of the country, thus building houses more wonderful than those of the past.

Today housing construction is being conducted on a larger scale. The above artist's impression envisages construction 10 000 flats, and a district of tens of thousands of flats is planned to be built in this area within three years or so. Construction of a mountain gorge city, a cultured mining city, with a unique character is under construction in the Komdok area; as 5 000 houses are being built every year, 25 000 houses will be built by 2025. And all the regional areas are pushing ahead with housing construction as suited to the local features.

The housing construction is not designed for the pursuit of financial profit; it is aimed at turning the state's assets and the fruits of the people's creative labour into benefits for the working masses. This demonstrates the aspiration of the country that regards promotion of the people's wellbeing as the supreme principle of its activities and does its utmost to provide the people with stabler and more civilized living conditions.


**Pyongyang in Verdure**

Pyongyang, the capital city of the Democratic People's Republic of Korea, which is known as a city in parks, is getting greener. The urban landscape gardening is making the citizens feel pleasant.




















## बहादुर...

मिलाउन सकेका थिए। बहादुर शाहले हिमवत्खण्डका थुप्रै हिन्दु राज्यलाई सकभर लडाइँ नगरी आश्रित राज्य बनाउने नीतिसम्म थियो। यस नीतिको फलस्वरूप पाल्पा, मुस्ताङ, जाजरकोट, सल्यान, बझाङ, गढवालसम्म इत्यादि अनेक राज्य नेपाल अधिराज्यमा सम्मिलित गराउन सकेका र यमुनासम्म साँध भई सिरमोडसँग सन्धि भएकाले पश्चिमतर्फ शान्ति कायम थिएको थियो। यी सबै सर्त कायम राख्न सक्षम बहादुर शाहको योगदान नेपालको इतिहासमा अविस्मरणीय छन्। बहादुर शाहले शक्तिवल्लभ, वाणीविलास जस्ता विद्वान् पण्डितहरूलाई प्रेरित गरेका र विद्वानहरूबाट नेपाली भाषामा ग्रन्थ लेखाउने बहादुर शाहकै प्रेरणा थियो। नेपालमा नयाँ नयाँ हतियार र तोप बनाउन बहादुर शाहको ठूलो योगदान छ। बहादुर शाहले आफ्नो नायबीकालमा रामकृष्ण कुँवरलगायतका भारदारलाई सन्तुष्ट राखेकाले उनीप्रति भारदार पनि प्रसन्न थिए।

नेपालको राष्ट्रिय एकीकरणका बेला विभिन्न राज्यसँग भिँडनुपर्ने स्थितिमा रसदपानीको व्यवस्था मिलाउन बहादुर शाहलाई धेरै कठिन थियो। त्यसबेला राजा रणबहादुर शाह राज्यकोषबाट धेरै खर्च गर्ने गर्थे। उनलाई पैसाको कमी हुन थालेपछि राजा रणबहादुर शाह र बहादुर शाहबीचमा सम्बन्ध चिसिन थालेको थियो। महारानी राजेन्द्रलक्ष्मी पनि पछिका दिनमा बहादुर शाहसँग सन्तुष्ट थिइनन्। वास्तवमा लडाइँमा अथाह सम्पत्ति खर्च हुन्थ्यो। लडाइँको खर्च तुरुन्तै हिसाब बुझाउन संभव थिएन। यस कुराले विस्तारै राजा रणबहादुर र नायब बहादुर शाहबीच खटपट बढेर आखिरमा रणबहादुर शाहबाटै नजरबन्द गराए।

बहादुर शाहको नीति विशाल नेपालमा सरिक भएको र चीनप्रति नजिक हुन लागेकामा अंग्रेजहरू सन्तुष्ट थिएनन्। इस्ट इन्डिया कम्पनी भारतबाट नेपाल तथ तिब्बतसँग व्यापार बढाउन उत्सुक थियो। हेटौँडाको बाटो हुँदै भोटमा अंग्रेजी माल सामग्रीहरू प्रवेश गराउन पाए भोटको ठूलै भागमा विस्तार पाउने थियो भन्ने मनसायमा थियो। बहादुर शाहको बीरता देखेर अवधका नबावले पनि नेपालसँग मित्रताकै व्यवहार गर्ने नीति लिएको थियो। चीनसँग सम्बन्ध कायम भएपछि अंग्रेज पनि नेपालसँग दच्किन लागेको थियो। त्योबेला अंग्रेज मौका हेरेर पर्खिबसेकामा बहादुर शाहविरुद्ध नेपालका कुरौटे, भरौटे भाइभारदारलाई अनेकौं तिकडम गर्न पछि परेनन्। अनेकौँ षडयन्त्रबाट नेपालका सपुत बहादुर शाह विक्रम संवत् १८५४ साल असार १४ गते ४० वर्षकै उमेरमा स्वर्गीय भएका थिए। नेपालको दुर्भाग्य नै हो कि बहादुर शाह जस्ता महान् सपुतको त्यो कलिलो उमेरमा नै षडयन्त्रपूर्वक हत्या गरियो। नेपालको एकीकरणमा कुमाउँ गढवालदेखि गंगासम्म नेपाललाई फैलाउन सक्षम नेतृत्व गरेका राजकुमार बहादुर शाहलाई नेपालको विभूतिका रूपमा अहिलेसम्म राखिएको छैन।

नेपाललाई चीनको सम्भावित आक्रमणबाट बचाउन बहादुर शाहले तत्कालीन गभर्नर जलरल लार्ड कार्नवालिसलाई सहायतको अनुरोध गरेको थिए। तर इस्ट इन्डिया कम्पनीले नेपाललाई सहायता गर्दा भोटसँगको व्यापारमा धक्का पुग्ने देखेर अंग्रेजले नेपाल सरकारलाई सहायता दिन चाहेनन्। तर यो मौका पनि चुकाउन अंग्रेजले नदिएर आफ्ना बनारसस्थित रेजिमेन्ट जोनाथन डंकनमार्फत नेपाल र कंपनीका राज्यहरूबाट आयात निर्यात हुने व्यवसायिक मालसमानहरूउपर सवा दुई प्रतिशतले भन्सार लिने कुरामा सहमत भएर भविष्यमा अंग्रेजसँग सैनिक सहायत प्राप्त हुन सक्ने आशाले बहादुर शाहले नेपाल सरकारतर्फबाट त्यो सन्धिमा हस्ताक्षर गरेका थिए। त्यो बेला इस्ट इन्डिया कम्पनीले अंग्रेजी दूत कर्कप्याट्रिकको प्रतिनिधिमण्डल नेपाल सरकारसँग सहमति कायम गर्न सन् १७९३ मार्चमा आएका थिए। तर यसको केही दिनअगाडि नै नेपाल चीनबीच सन्धि भइसकेकाले त्योबेला अंग्रेजको कूटनीति असफल हुन गएको थियो। तर नेपाल तथा तिब्बत र चीनसँग समझदारी बढिरहेको अवस्थामा इस्ट इन्डिया कम्पनी सन्तुष्ट थिएन।

तिब्बतलाई त्यसबेला भोट भनेर चिनिन्थ्यो। नेपाललाई थाहा थियो कि तिब्बतको आड चीन नै थियो। भोटसँग चीनको प्रभाव राम्रो रहेकाले चीनलाई मध्यस्थ बनाउन बहादुर शाहको चाहना थियो। तर भोटको बाटो चीनमा चिठी पुग्न पाएन। त्यसबेला दलाइ लामाले सिक्किमलाई उचाली नेपालको पूर्वतर्फ आक्रमण गराए। त्योबेला काठमाडौँबाट बहादुर शाहले देवदत्त थापाको नेतृत्वमा पठाएको फौजसँग सिद्धपोखरीमा ठूलो लडाइँमा नेपालको जीत भयो। त्यो बेला सिक्किमले नेपालको आधिपत्य स्वीकार्यो। सिक्किममा आफ्नो हार भएपछि दलाइ लामा टसी लामाले चीनसँग सहायता मागे। चीनबाट सात हजार सेना भोटको सहायताको लागि आयो। नेपालको राजधानी काठमाडौँ दखल गर्ने सोचमा चिनियाँ फौज सक्रिय भयो। विक्रम संवत् १८४९ असारमा चिनिया फौजसँग घमासान लडाइँ भयो। दुई सय चिनिया र तीन सय नेपालीले वीर गति प्राप्त गरे। केरुङमा चीनको दखल हुन पुग्यो। नेपाली फौज रसुवाको धुन्चेमा थियो। चिनियाँसँग भिडन बहादुर शाह राजधानीबाट काजी दामोदर पाण्डे र बम शाहको नेतृत्वमा सेना लिई धुन्चे पुगे। चिनियाँसँग मुठभेट भई घमासान लडाइँ भयो। चिनिया फौज १५०० मरे र अरू भागे। त्यसपछि चिनिया पक्षले सन्धिको कुरा उठाए। त्योबेला नेपाली फौज ५०० हताहत भएका थिए।

## एक्लिँदै...

छाडेका हुन्। पार्टीबाट राजीनामा घोषणा गर्नेहरूमा संविधानसभा सदस्यसमेत रहेका पार्टीका केन्द्रीय सल्लाहकार सदस्य शंकरबहादुर खड्का, महाकाली इन्चार्ज दलबहादुर धामी र विशेष कमिटी सदस्य रमेश परियार रहेका छन्। माओवादी धारा र कम्युनिस्ट आन्दोलनलाई एकीकृत र ध्रुविकृत गर्नुपर्ने अहिलेको आवश्यकता रहेको पनि उनीहरूको ठहर छ।

केही समयअघि मात्रै स्थानीय तह निर्वाचनमा सहभागी हुने कि नहुने भन्ने विवादले चुलिएपछि चन्द नेतृत्वको नेकपा विभाजित भएको थियो। चितवनको पर्सामा सम्पन्न राष्ट्रिय भेलाले महासचिवबाट चन्दलाई हटाउने र हालका लागि संयोजकको जिम्मेवारी धर्मेन्द्र बास्तोलालाई दिने निर्णय लिएको थियो।

## एसएसपी...

क्रमशः वसन्तबहादुर कुँवर, टेकप्रसाद राई, अशोक सिंह, दीपक थापा र श्यामलाल ज्ञवाली रहेका छन्। यस्तै अन्यमा किरण बज्राचार्य, सन्दीप भण्डारी, सुदीप गिरि, मीरा चौधरी, टेकबहादुर तामाङ, उमेशराज जोशी, भीमप्रसाद ढकाल, रामदत्त जोशी, पोषराज पोखरेल, बुद्धिराज गुरुङ, दुर्गा सिंह र किरण राणालाई डिआइजी बढुवाका लागि सिफरिस गरिएको छ।

## नागरिकता...

दशकभित्रै सन् १९८७ मा तिमोसी बव्राद्को भारतपरस्त सरकार बन्यो फिजीमा। त्यसले धमाधम राष्ट्रिय कानुनहरू परिवर्तन गर्न थाल्यो। ७१ सदस्यीय प्रतिनिधिसभाको नयाँ संसदीय व्यवस्थाको घोषणा गरियो। सन् १९९७ मा आम निर्वाचन गराइयो। सो निर्वाचनमा भारतीयहरूले ३७ सिट र अन्य आप्रवासीले ३ सिट र वास्तविक फिजिसियनहरूले ३१ सिट जिते। ७१ सिटमध्ये ३१ सिट जित्ने फिजिसियनहरू संविधानतः अल्पमतमा परे। यसरी फिजिसियनहरू आफ्नो देश गुमाए।

भारतको हरियाणा राज्यका महिन्द्रा चौधरी फिजीको प्रधानमन्त्री बन्न पुगे। चौधरी सरकारले फिजीको कानुनी राजनीतिक र सवैधानिक अधिकारहरू उल्टाउन थाल्यो। राजधानी सुवाल लगायत महत्वपूर्ण सहरहरूबाट फिजिसियनहरू खेदिन थाले। फिजिसियनहरू सहरबजार र आफ्नो आवादी तथा घरबास छोडेर निर्जन स्थानतर्फ धपाइए। विदेशीहरूले सहज नागरिकता पाउने सवैधानिक प्रावधानका कारण फिजीवासी आफ्नै देशभित्रै गुलाम र आन्तरिक शरणार्थी बन्न पुगे।

देशभक्तिपूर्ण आन्दोलनका प्रणेता जर्ज स्प्राइट कालासुल जस्ता नेतालाई निर्जन टापुमा राखेर दुई वर्षपछि मृत्युदण्डको सजाय सुनाइयो। नागरिकता हत्याउने भारतीय रणनीतिले मौरीसस समेत भारतको कब्जामा पुग्यो। ट्रिनिडाड, गायना र टोबागोमा समेत भारतीय हस्तक्षेप बढ्यो। त्यसको एउटै कारणले काम गरेको थियो त्यो हो नागरिकता। उन्नाइसौँ शताब्दीको सुरुतिर ब्रिटिसहरूले चिया कफी मजदुरका रुपमा ठूलो संख्यामा भारतीय तमिल भित्र्याए। सन् १९४६ सम्ममा श्रीलंकामा भारतीयहरूको संख्या भन्डै आठ लाख नाघ्यो। सन् १९४८ मा स्वतन्त्रतापछि श्रीलंका सरकारले ल्याएको नागरिकता अध्यादेशका आधारमा पाँच हजार भारतीय तमिलले त्यहाँको नागरिकता पाए। सन् २००३ मा आइपुग्दा श्रीलंकाका सबै भारतीय तमिलहरूले नागरिकता पाए। आप्रवासी भारतीयहरूलाई नागरिकता दिइएका कारण श्रीलंका २७ वर्ष गृहयुद्धमा होमिनु पर्‍यो भने भारतीय सैनिकहरूको प्रत्यक्ष हस्तक्षेप सहन गर्नुपर्‍यो। जथाभावी हचुवाका भरमा नागरिकता दिने नीतिले नेपालले पनि यस्तै नियति भोग्नुपर्ने अवस्था आउन सक्छ। यसमा सबै राजनीतिक दलहरू गम्भीर बन्न जरुरी छ। नेपालमा भारतीय खुफिया एजेन्सी 'रअ' ले सन् १९७५ देखि नै विधिगत रुपमा जनसंख्या अतिक्रमण गराएर सार्वभौमिकता हत्याउने नीति लिएको थियो। रअका तत्कालीन प्रमुख आनन्दकुमार बर्माले नेपालमा व्यापक रुपमा भारतीयहरूलाई प्रवेश गराउने, त्यसका लागि अभियान सञ्चालन गर्ने र योजना बनाएर सके जति भारतीयलाई नेपालमा भित्र्याउने कार्यक्रम सुरु गरेको बताएका थिए।

### नागरिकता वितरण

नेपालमा नागरिकतासम्बन्धी कानुन २००९ सालमा लागू भई स्वदेशी तथा विदेशीलाई नागरिकता दिन आरम्भ गरियो। भारतीय विदेश मन्त्रालयले सन् १९८० सम्म ३८ लाख भारतीयहरूको नेपालमा बसोबास रहेकोमा २३ लाख सत्तासी हजार नौ सय त्रिहत्तरले नागरिकता लिइसकेको सार्वजनिक गरेको थियो। त्रिभुवन विश्वविद्यालय अन्तर्गत एसियाली अनुसन्धान केन्द्र सिनासको प्रतिवेदनले सन् १९९१ देखि २००० सम्म दक्षिणतिरबाट २० लाख गैरनेपाली बसाइँ सरेको देखाएको छ।

२०३७ सालको जनमत संग्रहमा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले सीमावर्ती क्षेत्रका असंख्य भारतीयहरूको मतदाता नामावलीमा नाम लेखाएका थिए। राजा वीरेन्द्रले अध्यादेश जारी गरी उक्त नामावली अन्य कुनै प्रयोजनमा पनि लागू नहुने गरी घोषणा गरे। त्यसबेला भारतीय विदेश मन्त्रालयका प्रवक्ताले नेपालमा रहेका भारतीयहरूलाई नागरिकता नदिएको र उनीहरूलाई नागरिकता दिलाउन कूटनीतिक पहल थाल्ने वक्तव्य दिएका थिए। २०४६ सालपछिका विभिन्न सरकारहरूले कानुन विपरीत नागरिकता दिने निर्णय गर्दै आएका थिए। ती निर्णयहरूलाई सर्वोच्च अदालतले पनि खारेज गर्दै गयो। २०५१ सालमा धनपति आयोग र ०५२ सालको महन्थ ठाकुर कार्यदलले नागरिताको विषयलाई अझ विवादित बनाए। २०५४ सालमा गृहमन्त्री बामदेव गौतमले जितेन्द्रदेवको अध्यक्षतामा ८६ टोली गठन गरी एकहप्ताभित्रै तराईका २० जिल्लाबाट ३४ हजार ९० लाई फर्जी नागरिकता बाँडेका थिए। उनले स्थानीय निर्वाचन निर्देशिका जारी गरी नागरिकता नभएका गैर नागरिकहरू समेत स्थानीय निकायका निर्वाचनमा मतदान गर्न र उम्मेदवार हुन पाउने व्यवस्था गरेका थिए। सर्वोच्च अदालतले उक्त दुवै निर्णय खारेज गरेको थियो।

२०५७ सालमा प्रधानमन्त्री गिरिजाले गैरनेपालीलाई समेत जन्मको आधारमा नागरिकता दिने गरी विधेयक बनाएका थिए त्यसलाई पनि सर्वोच्चले खारेज गरिदियो। ०६३ सालमा कथित राजनीतिक सहमतिका नाममा नयाँ कानुन जारी गरी अभियानकै रुपमा टोली गठन गरेर ०४६ सालसम्म जन्मिएकाहरूको नामबाट लाखौं लाखौंलाई नागरिकता वितरण गरियो। तत्कालीन भारतीय गृहमन्त्री राजनाथ सिंहले २०७२ मा नेपालमा १ करोड भारतीयहरू बसोबास गरेको खुलासा गरेका थिए। जन्मको आधारमा भने तीनजनाको सिफारिसमा त्यसबेला नागरिकता दिइएको थियो। २०५८ असोजमा तत्कालीन भारतीय विदेशमन्त्री जसवन्त सिंहले लोकसभामा बोल्दै भनेका थिए। नेपालको तराईमा रहेका जनसंख्यामध्ये ४८ प्रतिशत भारतीयहरू रहेका छन्। तीमध्ये ४० लाखले नागरिकता नपाएका र उनीहरूलाई नागरिकता दिलाएर नेपालमै सेटलमेन्ट गर्ने भारतीय सरकारको योजनामा विदेश मन्त्रालयमा छुट्टै शाखा खोली योजनाबद्ध ढंगले काम गरिरहेको बताएका थिए। अहिले मधेस केन्द्रित दलहरू ४० लाख मधेसीहरूले नागरिकता नपाएको बयान दिइरहेका छन्। ०६३ सालको नागरिकतासम्बन्धी कानुन भारतीय दबाबमा आएको निष्कर्ष गलत छैन।

### अहिलेको नागरिकता विवाद

नागरिकता विधेयक दफा (४) मा वैवाहिक अंगीकृत नागरिकता सवालमा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलालाई नागरिकता दिन सत्तारुढ दलका सांसदले ७ वर्षको प्रावधान राख्ने प्रस्ताव गरेपछि विवाद सिर्जना भएको थियो। कांग्रेस र मधेसवादी दलले यसमा असहमति व्यक्त गरेपछि अहिले यो आम बहसको विषय बनेको छ। अझ कांग्रेसले अन्तरिम संविधान २०६३ के प्रावधान लागू हुनुपर्ने अडान लिएपछि यो विषय तत्काल पारित हुने अवस्था देखिएको छैन। अहिले विदेशीसँग वैवाहिक सम्बन्ध कायम गरेकी नेपाली महिलाको हकमा उनका पति र सन्तानका लागि अंगीकृत नागरिकता पाउन १५ वर्षको अवधि प्रस्ताव गरिएको छ। तर विदेशी बुहारीलाई सात वर्ष र विदेशी ज्वाइँलाई १५ वर्षको प्रस्तावले महिलामाथि विभेद गरेको भन्दै सत्तापक्षकै महिला सांसद पनि यसमा सहमत छैनन्।

धारा ११ (६) १ मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्ने व्यवस्था छ। संविधानको भावनासँग मिल्ने व्यवस्था २०६३ को नागरिकता ऐनमा पनि छ। नागरिकता ऐन २०६३ को दफा ५ (१) मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकिएको अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ। त्यसरी निवेदन दिंदा नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिक त्याग्ने कारवाही चलाएको निस्सा पनि साथै पेस गर्नुपर्ने व्यवस्था छ। अहिलेको विधेयकमा माथिल्लो व्यवस्थालाई परिमार्जन गरी ६ महिनाभित्र विदेशी नागरिकता त्यागेको निस्सा बुझाउन नसके नागरिकता रद्द हुन सक्ने भनिएको छ। नागरिकता विवाद राजनीतिक बन्दै गएको छ। १३ महिनादेखि संसदमा थन्किएको सो विधेयक माथिको विवाद फेरि बल्झिएको छ। वैवाहिक अंगीकृत नागरिकताको सवालमा सांसदहरूबीच मत बाझिएपछि यो विषय थप पेचिलो बन्दै गएको हो। जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजका आधारमा नागरिकता दिने सम्बन्धमा गृह मन्त्रालयले गरेको परिपत्र सर्वोच्च अदालतले रोकेको थियो। ११ चैत २०७५ मा जन्मका आधारमा नागरिकता पाएका सन्तानलाई वंशजको आधारमा नागरिकता दिन सबै जिल्ला प्रशासन कार्यालयलाई गृहमन्त्रालयले परिपत्र गरेको थियो। संसदमा प्रस्तुत विधेयकलाई सरकारले भरसक सहमतिमा पारित गर्ने यदि त्यस्तो अवस्था नआए बहुमतीय आधारमा पारित गर्ने तयारी गरेको छ। प्रमुख प्रतिपक्षी दल एमालेले यसमा कस्तो भूमिका खेल्ने हो, त्यो बहुप्रतिक्षित रहेको छ।

## महँगीको...

नपाएको भन्दै किसानहरू आन्दोलनमा उत्रिएका छन्। बुधवार काठमाडौंको माइतीघरमा किसानहरूले रासायनिक मलको अभाव र पेट्रोलियम पदार्थमा भएको चर्को मूल्यवृद्धि र महँगीविरुद्ध प्रदर्शन गरेका छन्। प्रदर्शनमा उत्रेका किसानहरूले मलमा भइरहेको कालाबजारी अन्त्य गर, किसानलाई तुरुन्त मल बिउको व्यवस्था गर, लगायतका प्लेकार्ड प्रदर्शन गरेका थिए। त्यस्तै, उनीहरूले मल अभावका कारण रो पाइँ गर्न नपाइएको भन्दै सडकमा नै धानको बिउ रोपेका थिए।

## राजधानीमा...

तथा भोटेबहाल र डिल्लीबजारमा एक/एक जनामा मंगलवार हैजा देखिएको हो। जिल्ला स्वास्थ्य कार्यालयले हैजा देखिएका ती व्यक्तिमा के कारणले हैजा भएको हो भन्ने पत्ता लगाउन जनस्वास्थ्य अधिकृत रामकृष्ण फुयालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको छ।

महामारी रोकथाम तथा नियन्त्रण फोकल पर्सनसमेत रहेका फुयालले फोहोरको प्रकोप बढेर खानेपानी प्रदूषण भएका कारण हैजा देखिएको बताए। उनले बागबजारको पानीको तीन वटा नमुना संकलन गरेर राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण भइरहेको जानकारी पनि दिए।

उनका अनुसार एउटा धारा, हैजा भएका व्यक्तिले प्रयोग गरेको जार र ट्युबेलको पानीको नमुना परीक्षण गरिएको छ। उनले पानीको कारणले हैजा भएको आफूले शंका गरे पनि परीक्षणको नतिजा नआएसम्म केही भन्न नसकिने बताए।

'हैजा देखिएको ठाउँमा गएर हैजा देखिएका व्यक्तिले के के खाएका हुन भनेर हामीले परीक्षण गर्ने काम गरिरहेका छौँ,' अधिकारीले भने, 'हामीले घरवरपरका छिमेकीसँग पनि के कस्ता खानेपानी र खानेकुरा खाएका छन् भनेर अध्ययन गरिरहेका छौं।'बागबजारका दुई जना युवतीले जार र धाराको पानी नउमालिकन खाने गरेको पाइएको उनले बताए। असार २ गते चटपटे खाएपछि ती युवतीलाई उल्टी गर्नुका साथै पखाला लागेको थियो। प्रमुख अधिकारीले ती युवतीले काम गर्ने ठाउँ डिल्लीबजार गएर खानेपानी र खानेकुराको परीक्षण भइरहेको पनि बताए।

स्वास्थ्य कार्यालय काठमाडौंले चार जनामा हैजा देखिएपछि सतर्कता अपनाउन पनि आग्रह गरेको छ। कार्यालयले शुद्ध खानेपानी खान, प्रदूषित खानेकुरा तथा झिँगा भन्केको खानेकुरा नखान आग्रह गर्दै माइकिङसमेत सुरु गरेको उनले जानकारी दिए। यसैगरी महिला स्वास्थ्य स्वयंसेविकाले पनि खानेपानीलाई शुद्धीकरण गरेर मात्र खान आग्रह गर्दै टोलटोलमा खटाइएको उनले बताए। कार्यालयले काठमाडौं उपत्यका खानेपानी लिमिटेड, खानेपानी बोक्ने ट्यांक्टर व्यवसायी र जार व्यवसायीसँग पनि खानेपानी शुद्धीकरण गरेर मात्र वितरण गर्न भनेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पनि हैजासम्बन्धी कुनै पनि लक्षण देखिएमा नजिकैको स्वास्थ्य कार्यालयमा सम्पर्क गर्न अनुरोध गरेको छ। गर्मी र बर्खायाममा विशेषगरी झाडापखाला, हैजा तथा पानीजन्य रोगहरू फैलिने हुँदा सबैलाई सजक र सतर्क हुन अनुरोध मन्त्रालयले गरेको छ।

मन्त्रालयले पानी उमालेर वा क्लोरिन प्रयोग गरेर मात्र प्रयोग गर्न, व्यक्तिगत सरसफाइ, खानेकुराको सरसफाइ तथा खुला रूपमा दिसापिसाब नगर्न र चर्पीको प्रयोग गर्न र दिसापिसाब गरेपछि अनिवार्य रूपमा साबुन पानीले हात धुन अनुरोध गरेको छ।

## सड्ने...

जनाएको छ। स्रोतमा नै फोहोरको पृथकीकरण नगरे फोहोर सङ्कलन नगर्ने जनाएको महानगरले काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ अनुसार कसुर मानी प्रत्येक पटक ५०० रुपैयाँ जरिवाना हुने जनाएको छ।

## सुरेन्द्र...

हजार बराबरको विद्यालय पोषक हस्तान्तरण गरेको हो।

फाउण्डेसनले विद्यालयका प्रधानाध्यापक इन्द्र राईमार्फत सो सहयोग हस्तान्तरण गरेको हो। छात्रवृत्तिमा विद्यालय पोसाक, जुत्ता, झोला, पाठ्यपुस्तक, कलमलगायत समावेश गरिएको छ।

यस्तै अक्टोबर महिनामा भने पूर्ण छात्रवृत्तिअन्तर्गत स्वेटरसमेत दिइने फाउण्डेसनका ढकालले जनाएका छन्। फाउण्डेसनले विपन्न तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई सहयोग गर्ने जर्मनीकी डोरिस रकर्ट लगायतप्रति आभार प्रकट गरेको छ।

## बिजुक्छेँ...

भएको थियो। त्यतिबेला क्यान्सर निवारण भए पनि केही वर्षअघि पुनः क्यान्सर देखिएपछि उनी उपचाररत थिइन्। ग्रेटर नेपाल साप्ताहिक परिवार शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदनामा साथै मृतात्माको चिरशान्तिको कामना गर्दछ।

## झनै...

गत जेठसम्म यस्तो आयात १३ खर्ब ८३ अर्ब ३६ लाख रुपैयाँ थियो।

आयात बढ्दा दिनप्रतिदिन विदेशी मुद्रा सञ्चितिमा परेको दबाब चुनौतीका रूपमा देखिएको छ। अन्तर्राष्ट्रिय स्तरमै पेट्रोलियम पदार्थको मूल्य, डलरको भाउ बढ्दा मूल्यवृद्धि चर्किएको पूर्वगभर्नर डा. चिरञ्जीवी नेपाल बताउँछन्। अब आयातीत वस्तुको परिमाण उही भए पनि कुल रकम चुलिँदा समग्रमा आयातको आकार ठूलो देखिन्छ। यसको मूल्यवृद्धिको मार सबैले खेप्नु परेको छ। सरकारले आयात नियन्त्रणका उपाय अपनाए पनि कम हुन सकेको छैन। विदेशी वस्तु आयात रोक्दा पनि व्यापार घाटा निरन्तर बढिरहेको छ। आपूर्ति मन्त्रालयले १० प्रकारका वस्तु ल्याउन पूर्णरूपमा बन्देज गरेको छ। राष्ट्र बैंकले त्यसअघि नै ४० वटा वस्तु आयात गर्दा शतप्रतिशत र६ वटा वस्तु आयात गर्न एलसी खोल्दा ५० प्रतिशतको मार्जिनको व्यवस्था गरेको थियो।

आयात बढ्नुको अर्को कारण नेपालमा परनिर्भरता बढ्नुले पनि हो। भएका अधिकांश उद्योग पनि चलेका छैनन्। अधिकांश उद्योग आयातीत वस्तुबाट सञ्चालन हुने भएकाले अहिले आयातमा कडाइ हुँदा व्यवसायी मारमा परेको निजी क्षेत्रको भनाइ छ।

तथ्यांकले स्वदेशमै उत्पादन हुने कृषि उपजको आयातसमेत उच्च हुँदै गएको देखाएको छ। ११ महिनामा निर्यात भने १ खर्ब ८५ अर्ब ८३ करोड ७० लाख १८ हजार रुपैयाँको मात्रै भएको छ। गत वर्ष सोही अवधिमा १ खर्ब २१ अर्ब २५ करोड ३९ लाख ५९ हजार रुपैयाँको भएको थियो।

निर्यात ५३.३ प्रतिशतले वृद्धि भएको छ। तर, निर्यात बढे पनि त्यसबाट नेपाललाई खासै फाइदा पुग्न सकेको छैन। आयातको हिस्सा अधिक हुँदा मुलुकको व्यापार घाटा चुलिँदै गएको विज्ञहरू बताउँछन्। स्वदेशमा उत्पादन हुन नसक्दा व्यापारघाटा दिनप्रतिदिन बढ्दै गएको हो। यद्यपि देशभित्रै कृषिजन्य वस्तु उत्पादनमा जोड दिए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा उत्पादकत्व भने बढ्न सकेको छैन।

## इन्धनको...

बढ्दो पेट्रोलियम पदार्थको मूल्य बढेर नै आएकाले घटाउन नसकिने बताएका हुन्। उनले युक्रेन र रुसबीच द्वन्द्वले अन्तर्राष्ट्रिय बजारमा नै मूल्य बढेकाले नेपाल आयल निगमले घटाउन नसक्ने बताए।

मन्त्री बढ्ले यसअघि नै पेट्रोलियम पदार्थमा प्रतिलिटर १० रुपैयाँ कर बापतको छुट दिइसकेको र अहिले पनि निगम घाटामा रहेकोले तत्काल मूल्य घटाउन नसकिने बताए।

अब सार्क राष्ट्रका मुलुकहरूको तुलनामा नेपाल सबैभन्दा बढी मूल्यमा पेट्रोलियम पदार्थ बिक्री गर्ने मुलुक बनेको छ।


- राजनीतिलाई पेशा होइन राष्ट्र र जनताको मुहार फेर्ने सेवाको रूपमा स्थापित गरी आमगरिबी र निरक्षरताको निर्मूल गरौं।
- देशबाट लिने होइन देशलाई दिन र दिलाउन सक्नेले मात्रै राजनीति गरौं।
- राजनीतिमा हाम्रो मान्छे राम्रो होइन राम्रो, सादगी र सक्षम मान्छे हाम्रो हो भन्ने मान्यता स्थापित गरौं।
- देशको भूराजनीतिक संवेदनशीलता, असंलग्नता र पंचशीलको मूल्य र मान्यता बुझ्ने नेपाल चिन्तनमा आधारित देशभक्त नेतृत्वलाई स्थापित गरौं।
- पर्यावरणप्रेमी विकासलाई अघि बढाऔं, आउने पुस्ताको लागि पनि हिमाली क्षेत्र र माता पृथ्वीलाई सुरक्षित राखौं
- स्थानीय उत्पादन, पर्यटन र नविकरणीय ऊर्जाको प्रवर्द्धन गरी व्यापार घाटाको चंगुलबाट देशलाई मुक्त गरौं।
- एक स्थानीयस्तर एक विशेष उत्पादनलाई यथार्थमा परिणत गरी देश भित्रै आमरोजगारीको सिर्जना गरौं।
- निजामती, सैनिक, प्रहरी, शिक्षा, स्वास्थ्य लगायत सबै पेशागत सेवाहरूलाई राजनीतिबाट तटस्थ राख्दै दक्ष बनाऔं।
- अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण गर्ने प्रवृत्ति त्यागी दण्डहीनताको अन्त्य गरौं।
- नेपाललाई बौद्ध र हिन्दुधर्मको मक्का मदिना र भेटिकन जस्तै अन्तर्राष्ट्रिय धार्मिक केन्द्रको रूपमा विकास गरौं।
- राज्यले नागरिकलाई दिनुपर्ने सबै अत्यावश्यक सेवा प्रदायकको रूपमा स्थानीय सरकारलाई चुस्त र दुरूस्त बनाऔं।
- प्रदेश खारेज गरी आधारभूत संघीयता प्रवर्द्धन गरौं।
- नेपाललाई टिष्टा कांगडा सहितको विशाल शान्ति क्षेत्र बनाउने अभियानमा अघि बढौं।

चुनाव चिन्ह



सुरेन्द्र ढकाल
उमेदवार, काठमाण्डौ
निर्वाचन क्षेत्र नं १
(नेकपा माले)